नेपालको इतिहासमा

नेमुनि



प्रा.डा. त्रिरत्न मानन्धर
प्रा. दिनेशराज पन्त

नेपाल प्रज्ञा-प्रतिष्ठान



SCANNED

नेपालको इतिहासमा नेमुनि

प्रा.डा. त्रिरत्न मानन्धर
प्रा. दिनेशराज पन्त

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं

नेपालको इतिहासमा नेमुनि

लेखक : प्रा.डा. त्रिरत्न मानन्धर
प्रा. दिनेशराज पन्त

प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

संस्करण : पहिलो, वि.सं. २०७४ (६०० प्रति)
हीरक वर्ष प्रकाशन

कम्प्युटर सज्जा : रञ्जन घिमिरे

आवरण सज्जा : वसन्तराज अज्ञात

मूल्य : रु. १३५।-

मुद्रण : नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

ISBN : 978-9937-689-77-9

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवं प्रवर्धन गर्दै तत्‌विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा स्थापित नेपाल एकेडेमीले क्रमशः रोयल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको नामबाट विकसित हुँदै आफूले राज्यवाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जनआन्दोलनपछि साविकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललित कला एवं नाट्य-सङ्गीत विधालाई छुट्टयाई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ ले नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने जिम्मेवारी प्रदान गर्दै वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरेको हो। यस अर्थमा प्रज्ञा-प्रतिष्ठानको गठनदेखिकै विरासत ग्रहण गर्दै हाल आफूले पाएका कार्यक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, संस्कृति, धर्म, दर्शन आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्‌का समग्र विज्ञहरूलाई समेट्दै अघि बढ्न हामी कटिवद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सीपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक स्थान प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिवद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र कार्यक्रम रहने गरेका छन्। यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्‌मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समझदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत

नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौँ । यसरी स्पष्ट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानको रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौँ । यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवं ग्रन्थ प्रकाशनसहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौँ ।

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

प्रकाशकीय

नेपालको नामको अर्थ गर्ने प्रसङ्गमा धेरै तर्कवितर्क आइरहेको कुरा सबैलाई विदितै छ । यही प्रसङ्गमा पछिल्लो कालदेखि नेमुनिले पालना गरेकोले नेपाल भएको हो भन्ने कुरा पनि बाहिर आइराखेको छ । हालसालमा नेमुनि तनहुँका हुन् भन्ने कुरा पनि बाहिर आइरहेको छ । नेपाल प्रज्ञा-प्रतिष्ठानको अनुरोधमा यिनै प्रसङ्गलाई केलाई प्रा.डा. त्रिरत्न मानन्धर र प्रा. दिनेशराज पन्तद्वारा **नेपालको इतिहासमा नेमुनि**नामक पुस्तक तयार पारिएको छ । यस पुस्तकमा माथिका सबै कुराको औचित्य अनौचित्यको बारेमा राम्रो प्रकाश पारिएको छ । तोकिएको समयमा पुस्तक तयार गरी बुझाउनुभएकोमा उहाँहरूलाई धन्यवाद दिँदै प्रज्ञा-प्रतिष्ठानका अरू प्रकाशनमा जस्तै यसमा पनि नीरक्षीरविवेकीहरूको राम्रो ध्यान जानेछ भन्ने आशा मैले लिएको छु ।

(डा. विष्णुविभु घिमिरे)
उपकुलपति

वि.सं. २०७४
कमलादी, काठमाडौँ

वक्तव्य

अभिलेखको आधारमा नेपालको प्रामाणिक इतिहास विक्रमको तेस्रो शताब्दीदेखि मात्रै सुरु भए तापनि पौराणिक ग्रन्थ एवं वंशावलीहरूमा धेरै पहिलेदेखिको नेपालको इतिहास कोरिएका छन्। पौराणिक ग्रन्थ र वंशावलीहरूबाट थाहा हुने त्यस्तै एउटा व्यक्तित्व हुन् नेमुनि । तात्कालिक अभिलेखका स्रोतले खण्डन नगरेसम्म पछिका वंशावली तथा अन्य स्रोतले गरेको वर्णनलाई बेवास्ता गर्न नमिल्ने इतिहासलेखनको सामान्य सिद्धान्तअनुरूप यो पुस्तक हामीले तयार गरेका हौँ । नेमुनिका सम्वन्धमा विभिन्न पौराणिक ग्रन्थ, वंशावलीहरू, पछिका केही अभिलेखका साथै विक्रमको उन्नाइसौँ र बिसौँ शताब्दीका सुरुमा नेपाल आएका अङ्ग्रेज लेखकहरूको पुस्तकका आधारमा प्रस्तुत पुस्तक तयार गरिएको छ ।

यस पुस्तकमा उल्लेख भएका नेपाली एवं संस्कृत स्रोतमा विक्रमसंवत् तथा अङ्ग्रेजी स्रोतमा इस्वीसंवत् प्रयोग गरिएका छन् । अङ्ग्रेजी स्रोतको भावानुवाद मात्रै गरिएको छ ।

नेमुनिको वारेमा सानै भए पनि अनुसन्धानात्मक कृतिको आवश्यकताबारे गहिरो चासो लिनुहुने श्रीशिवराज शर्मा पौडेलप्रति विशेष आभार व्यक्त गर्दछौँ । अनुसन्धानकार्यका लागि विशेष पहल गरिदिनुहुने नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति श्रीगङ्गाप्रसाद उप्रेती तथा अनुसन्धानका निम्ति आवश्यक व्यवस्था मिलाइदिनुहुने सदस्य-सचिव प्रा.डा. जीवेन्द्र देव गिरीलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौँ । छोटो समयभित्रै प्रतिवदेन टङ्कन गर्नुहुने श्रीरञ्जन घिमिरेलाई धन्यवाद । साथै अनुसन्धानका लागि आवश्यक वजेटको व्यवस्था गरिदिएकोमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयप्रति आभार व्यक्त गर्दछौँ ।

प्रस्तुत पुस्तकमा नेमुनिबारे छरिएर रहेका सामग्रीलाई एकै ठाउँमा ल्याई विश्लेषणसहित प्रस्तुत गर्ने जमर्को हामीले गरेका छौँ । हाम्रो यस कार्यको स्वस्थ आलोचना र प्रतिक्रियाको हामी सधैँ स्वागत गर्दछौँ ।

प्रा.डा. त्रिरत्न मानन्धर
प्रा. दिनेशराज पन्त

विषयसूची

प्राक्कथन/९

नेमुनि प्रसङ्ग : विभिन्न दृष्टिकोण/११

नेपालको पहिलो राजवंशका संस्थापक/१२

नेपालमा शासन गर्ने अलौकिक व्यक्तित्व/१७

विरूपाक्षका उद्धारकर्ता/२१

नीप राजा र नेमुनि/२३

साहित्यिक कृति तथा अभिलेखमा नेमुनि/२४

निष्कर्ष/२६

सन्दर्भसामग्री/३१

परिशिष्ट/३४

- अभिलेख/३४
- वंशावली/३७
- पौराणिक ग्रन्थ/५५
- पुस्तक/लेख/६३

नेपालको इतिहासमा नेमुनि

प्राक्कथन

अभिलेखको आधारमा नेपालको प्रमाणित इतिहास लिच्छविकालदेखि सुरु हुन्छ र त्यतिवेलाको प्रमाणित इतिहासका प्रमुख स्रोत भनेको तात्कालिक अभिलेखहरू नै हुन् । नेपाल राज्यभित्र पाइएका प्राचीनतम अभिलेख लुम्विनी र निग्लिहवाका सम्राट् अशोकका अभिलेख हुन् ।[१] तर ती अभिलेख विदेशी राजाले राखेका हुनाले नेपालको अभिलेखको इतिहासमा तिनको गणना गरिँदैन । यस दृष्टिकोणवाट मालिगाउँमा प्राप्त जयवर्माको मूर्ति सहितको अभिलेखलाई हामीले नेपालको पहिलो अभिलेख मान्नुपर्दछ ।[२] यस अभिलेखमा कुँदिएको संवत्लाई धेरैले १०७ भनी पढी यो शकसंवत् हो भनी मानेका छन् र कसैले त्यसलाई १०७ नै पढी शकसंवत् सुरु हुनुभन्दा सत्र महिना अघि चलेको लिच्छविसंवत् हो भनी भनेका छन् ।[३] केहीले भने यो संवत्लाई २०७ पढेका छन् ।[४] अनि एक दुई जनाले यसलाई १०७ पढे पनि यो शकसंवत् नभई विक्रमको चौथो शताव्दीदेखि चलेको गुप्तसंवत् हुनुपर्दछ भनी आफ्नो राय व्यक्त गरेका छन् ।[५] तर शकसंवत्वाहेकको संवत् र संवत् २०७ भन्ने कुरा प्रामाणिक देखिँदैनन् ।

जयवर्माको मूर्ति सहितको यो अभिलेखलाई छोड्ने हो भने संवत्सहितको नेपालको पहिलो अभिलेख पशुपति क्षेत्रको हो । जसमा संवत्

---

१ पेशल दाहाल र सोमप्रसाद खतिवडा, **पुरातत्त्वको परिचय**, काठमाडौं : एम.के. पव्लिसर्स, २०६०, पृ. २६५, २७४-२७५

२ दिनेशचन्द्र रेग्मी, **पुरालेखन र अभिलेख**, काठमाडौं : हिमालय बुक स्टल, २०६०, पृ.१६५-१६६

३ श्यामसुन्दर राजवंशी, **लिच्छविकालीन संवत्को निश्चय**, काठमाडौं : गिरीन्द्रमान राजवंशी, २०५२, पृ.२१२

४ Angelo Andrea Di Castro and Reccardo Garbini"An Inscribed Statue of year 207 from Maligaon, Kathmandu", **East and West,** Vol.46, Nos. 3-4 (1996) pp. 299-315

५ रेग्मी, टिप्पणी नं. २, पृ.१६६-१६९

३८१ लेखिएको छ । कसैले यो अभिलेखलाई मानदेवको सुरुको अभिलेख मानेका छन्[६] भने कसैले चाहिँ यसलाई मानदेवका बाबु धर्मदेवको अभिलेख मानेका छन् ।[७] जुनसुकै अवस्थामा पनि यस अभिलेखमा उल्लिखित संवत् लिच्छविकालमा चलेको शकसंवत् हो भन्ने कुरामा दुईमत छैन । तर पनि यो अभिलेख धेरै खिइएको र यसमा राजाको नाम नभएको कारणले गर्दा यसले नेपालको इतिहाससम्बन्धी कुनै जानकारी दिन सकेको छैन । यसको पाँच वर्षपछि अर्थात् संवत् ३८६ को चाँगुनारायणको अभिलेखचाहिँ नेपालको इतिहासमा निक्कै महत्त्वपूर्ण छ र वास्तविक रूपमा नेपालको प्रामाणिक इतिहास यसै अभिलेखबाट सुरु हुन्छ ।[८] जब कि चाबहिलमा प्राप्त संवत् नभएको अभिलेख अझ पुरानो हो भन्ने केही इतिहासविद्को भनाइ छ[९] तापनि यसमा ऐकमत्य भने छैन ।

लिच्छविकालभन्दा अघि नेपालको इतिहासमा क्रमशः गोपालकाल, महिषकाल र किरातकाल आउँछ, जसलाई नेपालको प्राग् इतिहास भन्ने गरिन्छ । किनकि त्यतिबेलाका कुनै पनि अभिलेख हालसम्म प्राप्त भएको छैन र केही उत्खनन तथा वंशावलीका आधारमा त्यतिबेलाको इतिहास वर्णन गर्दै आइएको छ ।[१०] प्राग् ऐतिहासिक काल तथा सोभन्दा पनि अगाडिको नेपालको इतिहास वर्णन गर्ने क्रममा विभिन्न पौराणिक स्रोतको ठूलो महत्त्व रहेको छ, र यसलाई नेपालको पौराणिक इतिहासको रूपमा व्याख्या गरिएको छ ।[११] विशेष गरी हिन्दू र बौद्ध ग्रन्थका साथै वंशावलीहरूले नेपालको इतिहासलाई धेरै अगाडिसम्म लगेको छ र प्रस्तुत अध्ययनको विषय नेमुनिको प्रसङ्ग पनि नेपालको पौराणिक इतिहासको अङ्गको रूपमा रहेको छ ।

---

६ श्यामसुन्दर राजवंशी, 'पशुपतिनाथ प्राङ्गणमा प्राप्त अप्रकाशित लिच्छवि अभिलेख', **प्राचीन नेपाल**, सङ्ख्या ११५, २०४६, पृ.१-२

७. जगदीशचन्द्र रेग्मी, **लिच्छवि-इतिहास**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३, पृ. ३

८. धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, २०३०, पृ. १६

९. ऐजन, पृ.२-३, यो अभिलेखलाई ज्ञानमणि नेपालले मानदेवको समयको तथा शङ्करमान राजवंशीले वसन्तदेवको पालामा भनी लेखेका छन् । डिल्लीरमण रेग्मीले यसलाई मानदेव र वसन्तदेवको शासनकालताकाको अभिलेख मानेका छन् । हेर्नुहोस् : D.R. Regmi, **Inscriptions of Ancient Nepal**, Vol. III, New Delhi : Abhinav Publications, 1983, p. 33.

१०. रामनिवास पाण्डे र दिनेशचन्द्र रेग्मी, **नेपालको प्राग् इतिहास**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०६२

११. रामनिवास पाण्डे र दिनेशचन्द्र रेग्मी, **नेपालको पौराणिक इतिहास**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५४

नेमुनि प्रसङ्ग : विभिन्न दृष्टिकोण

नेपालको पौराणिक इतिहासमा नेमुनिको विशिष्ट स्थान छ। उनलाई नेपालको पहिलो राजवंशको संस्थापकको रूपमा लिइएको छ। नेपालको पहिलो राजवंश गोपालवंशको प्रथम राजा नियुक्ति गर्ने व्यक्ति नेमुनि भएको वर्णन विभिन्न वंशावलीहरूमा पाइन्छ। हुन त नेमुनिको ऐतिहासिकता प्रमाणित गर्ने तात्कालिक स्रोत प्राप्त पाइएको छैन। तर पनि विभिन्न पौराणिक स्रोतका साथै वंशावलीहरूले उनलाई एउटा महान् व्यक्तित्वको रूपमा चित्रण गरेका छन्। विक्रमको सोह्रौं शताव्दीदेखिका साहित्यिक कृति एवं अभिलेखहरूमा पनि नेपाल देशको पालनकर्ताको रूपमा नेमुनिको उल्लेख आएको छ।

विभिन्न स्रोतहरूले गरेको वर्णनअनुसार नेमुनिको व्यक्तित्वलाई हामी तीन भागमा विभाजित गर्न सक्छौं।

१. धेरैजसो स्रोतमा नेमुनि नेपालको पहिलो राजवंश, गोपालवंशका पहिलो राजा नियुक्ति गर्ने व्यक्तिको रूपमा चित्रण गरिएका छन्।[१२]
२. केही स्रोतले चाहिँ हरिहरबाट वरप्रसाद प्राप्त गरी नेपालमा शासन गरी नेपालको पालना गर्ने व्यक्तिका रूपमा नेमुनिको वर्णन गरेका छन्।[१३]
३. एउटा छुट्टै प्रसङ्गमा नेमुनिलाई विरूपाक्षको उद्धारकर्ताको रूपमा लिइएको छ। वंशावलीअनुसार मातृगमनको पापबाट ग्रस्त विरूपाक्षलाई प्रायश्चित्तको उपाय बताई उद्धार गर्ने व्यक्ति नेमुनि हुन्।[१४]

नेमुनिसम्वद्ध विभिन्न प्रसङ्गलाई वर्णन गर्ने स्रोतलाई मुख्य रूपमा चारभागमा विभाजित गर्न सकिन्छ।

१. **पौराणिक स्रोत :** यसअन्तर्गत पशुपतिपुराण, हिमवत्खण्ड, नेपालमाहात्म्य, गण्डकीमाहात्म्य पर्दछन्। यी स्रोतले नेमुनिलाई नेपाल राज्यको पालना गर्ने व्यक्तिको रूपमा चित्रण गरेका छन्।
२. **वंशावली :** नेपालको पहिलो वंशावली भनी बयान गरिएको गोपालराजवंशावलीले नेमुनिको वर्णन गरेको छैन। पछिल्लो

---

१२. 'नेपाल देशको इतिहास', **प्राचीन नेपाल**, सङ्ख्या १३, २०२७, पृ.७ (७ परिशिष्ट)
१३. नयनाथ पौडेल (सं), **भाषावंशावली**, भाग १, काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय, २०२०, पृ.२४-२५ (१० परिशिष्ट)
१४. ऐजन, पृ. २९-३० (११ परिशिष्ट)

कालका वंशावलीहरूमा नेमुनिसँग सम्बद्ध भनी गरिएको बयान पाइन्छ । भाषावंशावलीमा नेमुनिको धेरै वर्णन आएको छ। त्यहाँ नेपालको राजवंशका संस्थापक, विरूपाक्षको उद्धारकर्ता, नेपालका पालनकर्ताको रूपमा नेमुनिको उल्लेख आएको छ ।

३. **साहित्यिक कृति र अभिलेख** : विक्रमको सोह्रौं शताब्दीदेखिका साहित्यिक कृति एवं अभिलेखमा नेमुनिको प्रसङ्ग आएका छन् । यक्ष मल्लको समयमा रचना गरिएको चतुरङ्कमहाभारत, जगज्जय मल्लको ताम्रपत्र तथा रणबहादुर शाहको समयमा रचना गरिएको जयरत्नाकरनाटकमा नेमुनिको उल्लेख आएको छ ।

४. **पुराना अङ्ग्रेजी पुस्तकहरू** : विभिन्न स्रोत सामग्रीका आधारमा कर्कप्याट्रिक, हेमिल्टन, ओल्डफिल्ड, राइट जस्ता अङ्ग्रेज लेखकहरूले आ-आफ्ना पुस्तकहरूमा नेमुनिबारे उल्लेख गरेका छन् । साथै केही दशकअगाडि भारतीय लेखक हसरतले हडसनको सङ्ग्रहको पद्मगिरिवंशावलीका आधारमा नेमुनिसम्बन्धी कुराहरू प्रकाशमा ल्याएका छन् ।

नेपालको पहिलो राजवंशका संस्थापक

वंशावलीअनुसार सुरुमा नेपालउपत्यकामा पानी भरिई तलाउ जस्तो भई जलमग्न भएको थियो र भरिएको पानी विस्थापित गरी यस स्थानमा वसोवासको क्रम सुरु भएको थियो । बौद्धवंशावली नाम दिइएको एउटा वंशावलीले महाचीनबाट आएका मन्जुश्रीले आफ्नो खड्गले चोभारको डाँडा काटी नेपालउपत्यकामा भरिएको पानी विस्थापित गरेका थिए भनी लेखेको छ भने हिन्दूवंशावली भनिने अर्को वंशावलीअनुसार श्रीकृष्णले आफ्नो सुदर्शनचक्रले चोभारको डाँडा काटी त्यहाँको पानी विस्थापित गरी नेपालउपत्यकालाई वस्न योग्य भूमिमा परिणत गरेका थिए । यसै वंशावलीअनुसार श्रीकृष्णसँग नेपालउपत्यका आएका गोपाल (ग्वाला)हरू नफर्की नेपालउपत्यकाको उच्चतम स्थल मातातीर्थमा वसोवास गरे । यही गोपालवंश नेपालको पहिलो राजवंश मानिएको छ । जसको संस्थापक नेमुनि थिए । उनले नै यस वंशका पहिला राजाको नियुक्ति गरेका थिए ।[१५]

---

१५. Bikrama Jit Hasrat, **History of Nepal : As Told by Its Own and Contemporary Chronicles**, Punjab : V.V. Research Institute Book Agency, 1970. P. 33 (२५ परिशिष्ट)

नेपालको सबैभन्दा पुरानो गोपालराजवंशावलीले गोपालवंशलाई नेपालको सबैभन्दा पुरानो राजवंश मानी त्यहाँबाट नेपालको इतिहासको सुरुवात गरेको छ। त्यस वंशावलीको सुरुमा गोपालवंशबाट नेपालको इतिहास सुरु गरिएबाट नै यस वंशावलीको नाम गोपालराजवंशावली रहन गएको हो। उक्त वंशावलीमा "क्रमशः कलियुग लागेपछि सारा राजाहरूका शिरपेचका मालाले पाउ सुहाएका श्रीमान् युधिष्ठिरको आदि राज्यमा, हिमाल पहाडको काखमा रहेको घनाजङ्गल भएको भूमण्डलमा (नेपालउपत्यकामा) प्रधान श्रीभृङ्गारेश्वर भट्टारकको प्रार्दुभाव भयो। त्यसपछि गौतम आदि ऋषिगण आइरहन लागे। अनि गौतमेश्वर आदि देवताको प्रतिष्ठा भयो। त्यसबीच श्रीभृङ्गारेश्वर भट्टारक श्लेष्मान्तक वनमा विहार गरिरहेको बेलामा गोपाल भए। त्यसपछि मालाखाबाट गोग्रामको आगमन भयो। 'नेप' कहलाएका गोपालकी बहुह्री नाम भएकी कैली गाई दिनकादिन वाग्वतीको तिरमा गई प्वालमा पूजाको लागि दूधको धारा बगाउने गर्न लागिन्, ती गाईले सेचन गर्न लागेको त्यो ठाउँ गोपालले देखे। खनेर हेर्दा श्रीपशुपति भट्टारकको प्रादुर्भाव भयो। त्यस गोपालवंशमा पहिला राजा श्रीभूमिगुप्त भए वर्ष ८६"[१६] यस्तो लेखिएको छ।

यहाँ नेपालको पहिलो राजवंश गोपालवंश लेखी त्यस वंशको पहिलो राजाका रूपमा भूमिगुप्तको उल्लेख भएता पनि नेमुनिको बारेमा केही कुरा लेखिएको छैन। तर यही कथालाई जोड्दै लण्डनमा रहेको पद्मगिरिवंशावलीले नेमुनिको वर्णन गरेको छ। त्यस वंशावलीमा "कीर्तिपुरनिवासी ब्राह्मणको कपिल नाम गरेकी गाई थिइन् जसले पशुपतिनाथको मूर्ति पुरिएको ठाउँमा गई आफ्नो दूध बहाउँथिन्, यो कार्य ब्राह्मण गोपालले देखे र आफ्नो कौतुहल मेट्न सो ठाउँमा खनेर हेर्दा उनले पशुपतिनाथको मूर्ति भट्टाए र त्यो मूर्तिलाई मन्दिरमा राखी पूजा गरे, त्यसपछि नेमुनि त्यहाँ आए र त्यस गोपाललाई नेपाल देशको सार्वभौम सत्ता प्रदान गरे, जसलाई ती गोपालले बडो मुस्किलका साथ स्वीकार गरे, उनलाई भूमाङ्गत भन्ने नाम दिइयो र उनको ८८ वर्षको उमेरमा निधन भयो" भनी लेखिएको छ। वंशावलीले सो ठाउँलाई 'श्लेष्मान्तकवन' भनी उल्लेख गरेको छ।[१७]

यी दुई वंशावलीको तुलनात्मक अध्ययन गर्दा नेपाल राज्यको स्थापनाबारे दुवैले एकै प्रकारको कथा वर्णन गरेका छन्। तिनमा केवल साधारण फरकमात्रै छन्। जस्तै :

---

१६. Dhanavajra Vajracarya and Kamal P. Malla, **The Gopalaraj Vamsavali,** Kathmandu: Nepal Research Center, 1985, p.73

१७. Hasrat, f.n. 15, p. 33 (२५ परिशिष्ट)

१. गोपालराजवंशावलीमा गोपाललाई नेप भनिएको छ भने उनकी गाईको नाम वहुह्वी भनी उल्लेख भएको छ। जबकि पद्मगिरिवंशावलीमा गोपालको कुनै नाम दिइएको छैन भने उनकी गाईलाई कपिला नाम दिइएको छ।

२. गोपालराजवंशावलीमा गोपालको कुनै जात दिइएको छैन भने पद्मगिरिवंशावलीमा गोपाललाई ब्राह्मण भनिएको छ।

३. गोपालराजवंशावलीमा पशुपति भट्टारकको प्रादुर्भाव भयो भनेर मात्रै लेखिएको छ भने पद्मगिरिवंशावलीमा गोपालले सो मूर्तिलाई मन्दिरमा राखी पूजा गरे भनी लेखिएको छ।

४. गोपालराजवंशावलीमा राजा भएका गोपालको नाम भूमिगुप्त भनी दिइएको छ भने पद्मगिरिवंशावलीमा उनको नाम भूमाङ्गत लेखिएको छ।

५. गोपालराजवंशावलीमा भूमिगुप्तको शासन वर्ष ८६ लेखिएको छ भने पद्मगिरिवंशावलीमा भूमाङ्गतको निधन ८८ वर्षको उमेरमा भयो भनी लेखिएको छ।

यी साधारण भिन्नता हुँदाहुँदै पनि दुवै वंशावलीहरूको वर्णन मिल्दोजुल्दो छ। तिनमा मुख्य फरक भनेकै गोपालराजवंशावलीमा नेमुनिको कुनै चर्चा छैन भने पद्मगिरिवंशावलीमा स्पष्ट रूपमा नेमुनि आई पशुपतिको सो मूर्ति प्राप्त गर्ने गोपाललाई राजा वनाएको उल्लेख छ।

गोपालराजवंशावलीमा नेमुनिको किन उल्लेख भएन भन्ने प्रश्नमा पछिका वंशावलीले मात्रै नेमुनिको कथा जोडेको हुन सक्छ।

माथिको वर्णनभन्दा केही भिन्न रूपमा राजभोगमालावंशावलीमा गोपाल र गाईको कथा तथा नेमुनिको प्रसङ्ग छुट्टाछुट्टै रूपमा उल्लेख भएका छन्। गोपाल र गाईको सन्दर्भमा उक्त वंशावलीमा "उप्रान्त अघिका देवताहरू मृत्तिकाले पूर्ण भै छोपिन गयाको थियो, केही कालपछि मालागात नाम गोग्रामवाट नेप नाम गोपालको वहुदा नाम कपिला गाई वाग्मती तिरमा प्रतिदिन जाई उसिरपुंज मृत्तिकामाथि क्षीरधारा बहाई चढाउन जान्थिन्, एक दिन गाई षोजन जाँदा नेप गोपालले देषि क्या कारणले यो स्थानमा दुद चढाउँछिन्, केहि कारण निश्चय होला भनि तेस थानमा खनि हेर्दा ८४३ वर्ष द्वापरयुगका शेष बाँकी छंदा श्रीमत्पशुपति भट्टारक शिव प्रकाश हुंदा भया"[१८] भनी लेखिएको छ।

---

१८. 'राजभोगमालावंशावली', **प्राचीन नेपाल**, सङ्ख्या ७, २०२६, पृ. २२ (६ परिशिष्ट)

त्यसपछि उक्त वंशावलीमा नेमुनिको वर्णनमा "श्रीवज्रयोगिनीवाट नेमुनिकन वर प्रसन्न भयाकोः हे पुत्र सिद्ध भयौ, संसारमध्ये उत्तम मेरो भक्त हो, अनेक रूप आसनादिले गरि आद्यादि क्षयपर्यन्त बसि अन्तमा मविषे लीन हौला, हे पुत्र क्षेत्रहरूमध्ये वर भयाका पशुपतिक्षेत्रमा निरंतर रहि धर्मले धर्मरक्षा गर, तम्रा नामले गरि नेपाल भनि संसारमा प्रष्यात हुन्याछ"[१९] भनी लेखिएको छ।

यहाँ गोपाल र गाई तथा नेमुनिवीच कुनै सम्वन्ध देखाइएको छैन, नेमुनिलाई पशुपतिक्षेत्रमा रही धर्म रक्षा गर्न वज्रयोगिनीले आदेश दिएको कुरा उल्लेख छ।

केही वंशावलीहरूमा नेमुनि तथा गोपाल र गाईको प्रसङ्ग भिन्नै रूपमा प्रस्तुत गरिएका छन्। राइटले सम्पादन गरेको वंशावलीमा "पशुपतिको प्राचीन मन्दिर भत्केर यसको ज्योति माटोमुनि पुरिएर रहेको थियो, श्रीकृष्णसँगै द्वारकाबाट केही गोठालाहरू यो देशमा आए र उनका नातिलाई यो ठाउँबाट पानी निकाल्न मदत गरे, कृष्णले चोभारबाट पानी निकाल्ने काम गरे र पानीको वहाव रोक्ने दानासुरका छोरीलाई लिएर हिँडे, यी गोठालाहरू पद्मकाष्ठगिरिमा बसोबास गरी गोठाला भएरै रहे, ने नाम गरेकी उनीहरूकी एउटी गाई दुधालु भइकन पनि दूध दिँदैनथी, हरेक दिन एउटा निश्चित समयमा ती गाई दौडेर एउटा निश्चित ठाउँमा पुग्थिन्, एक दिन मुख्य गोठालाले ती गाईको पिछा गरे र उनले ती गाईले एउटा ठाउँमा आफ्नो दूध वहाई रहेको देखे त्यो ठाउँभित्र के छ भन्ने उत्सुकता ती गोठालामा जाग्यो र त्यहाँको माटो हटाई हेर्दा एउटा ज्योति प्रकट भयो र ती गोठाला भस्म भए"[२०] भनी लेखिएको छ।

यो वर्णनपछि वंशावलीले नेमुनिवारे यस्तो लेखेको छ– "जसको नामवाट नेपाल देशले आफ्नो नाम पायो, तिनै नेमुनि त्यहाँ आए र त्यहाँका मानिसलाई कलियुगमा क्षत्रिय राजा हुन नसक्ने कुराको विश्वास दिलाई त्यहीँ भस्म भएका गोठालाका छोरालाई राजाको रूपमा प्रतिष्ठापित गरे, भुक्तमान नाम गरेका ती राजाले ८८ वर्षसम्म शासन गरे, नेमुनिले बनाएका ती गोठालाका आठजना वंशजले शासन गरे र तिनीहरूको वासस्थान मातातीर्थनजिकै थियो"।[२१]

नेमुनि, गोपाल र गाईवारे यस वंशावलीले गरेको वर्णन अन्य वंशावलीहरूसँग एकदमै मिल्ने भएतापनि एउटा मूलभूत फरक के छ भने

---

१९. ऐजन (६ परिशिष्ट)

२०. Daniel Wright, **Histroy of Nepal: Translated from the Parbatiya,** Kathmandu : Nepal Antiquated Book Publishers, 1972 (Reprint), pp. 107-108 (२४ परिशिष्ट)

२१. *Ibid* (२४ परिशिष्ट)

अघिल्ला वंशावलीहरूले पशुपतिको मूर्ति पत्ता लगाउने गोपाललाई नै नेमुनिले राजा बनाएको कुरा उल्लेख भएको छ भने यसमा चाहिँ सो गोपाल पशुपतिको ज्योतिले भस्म भएपछि नेमुनिले उनकै छोरालाई राजा बनाएको कुरा उल्लेख भएको छ। साथै ती गोपालहरू क्षत्रिय थिएनन् भन्ने कुराको पनि सङ्केत गरिएको छ।

पशुपतिको ज्योतिबाट गोपाल भस्म भएको र उनैका छोरालाई नेमुनिले राजा बनाएको वर्णन अन्य वंशावलीहरूमा पनि पाइन्छ। 'नेपाल देशको इतिहास' नाम दिइएको एउटा वंशावलीमा यस घटनालाई विस्तृत रूपमा उल्लेख गरिएको पाइन्छ। "यसैबीचमा यहाँ जल सुकाएको भए तापनि गहिरो भागमा जल केही बाँकी रहँदा बीचमा भास भई बस्ती बस्न लायक नभइसकेको हुनाले दक्षिण-पश्चिमपट्टि केही उच्च भागमा गौशाला बनाई गाईहरू पालेर केही गोपजाति बसेका थिए, तिनमा नेपनामक गोपालकी कपिला गाई केही दिनसम्म दिनदिनै भरदिन बेपत्ता भई राती आफ्नो गौशालामा फर्कंदा कल्चौँडो रित्तो पारेर आउँथिन्, कल्चौँडो रित्तो हुनाको कारण के रहेछ बुझ्नुपऱ्यो भनी ती गोपाल गुप्त रूपले गाईको पछि लागे, कृष्ण आएका बखतमा पशुपतिले प्रत्यक्ष दर्शन दिएको ठाउँमा अघिदेखि जल भरिँदा माटो जमी ढिस्को जस्तो भई रहेको थियो, ती गाई त्यहीँ पुगी त्यस ढिस्कामाथि चारै थुनबाट दुग्धधारा चढाई फर्किन्, त्यस्तो व्यवस्था देखी ती गोपालले आश्चर्य मानी यहाँ के रहेछ भनी खनेर हेर्दा पशुपतिनाथका पञ्चमूर्ति लिङ्गको दर्शन पाए, त्यस दर्शनका प्रभावले ती गोपाल तत्क्षणमा मुक्त भए, त्यो कुरा नेमुनिले थाहा पाई अहो यी गोपाल बडा भाग्यवान् रहेछन्, जलमय भएदेखि गुप्त भई हामीले दर्शन नपाएको पशुपतिको लिङ्गाकार मूर्ति यिनका हातबाट प्रकाश भयो, यी बडा पुण्यात्मा रहेछन् र यिनको कैलाशवास पनि भयो, यिनका उपर पशुपतिको पुरा करुणा रहेछ, अब यिनका सन्तानलाई राजा तुल्याए पशुपति खुशी हुनेछन् भन्ने विचार गरी यिनै नेप गोपालका छोरा भुक्तमान गुप्तलाई अभिषेक दिए, नेमुनिले उनलाई धर्म शिक्षासमेत दिई फेरि राजा स्थापना गरे, नेमुनिले नेपालमा स्थापना गरेका राजा भुक्तमान गुप्तले नेमुनिले उपदेश गरेका नीति धर्मअनुसार राज्य गरे"[२२] भनी त्यसमा लेखिएको छ।

माथिका सबै स्रोतले गोपाल र गाईको कथालाई एउटै रूपमा प्रस्तुत गरेका छन्। गोपालराजवंशावलीले नेमुनिको केही चर्चा गरेको छैन भने पछिका सबै वंशावलीहरूले नेमुनि आई गोपाललाई नेपालको पहिलो राजा बनाएको र तिनै नेमुनिको नामबाट नेपाल नाम रहन गएको तथ्यलाई स्वीकार

२२. 'नेपाल देशको इतिहास', टिप्पणी नं. १२, पृ. ७ (७ परिशिष्ट)

गरेका छन् । यी वंशावलीहरूमा फरक यत्ति नै छ कि केहीले पशुपतिको दर्शन पाउने गोपाललाई नै नेमुनिले राजा बनाए भनी लेखेका छन् भने केहीले चाहिँ पशुपतिको ज्योतिले गोपाल भस्म भएकाले नेमुनिले उनैका छोरालाई राजा बनाएको कुरा उल्लेख गरेका छन्। जुनसुकै अवस्थामा पनि गोपालवंश नेपालको पहिलो राजवंश भएको र त्यसको पहिला राजा नेमुनिले नियुक्त गरेको कुरा माथिका सबै स्रोतले वर्णन गरेका छन् ।

जहाँसम्म यी गोपालहरू को थिए र कहाँबाट आएका थिए भन्ने प्रश्न छ, माथिका केही स्रोतले उनीहरू कृष्णसँगै नेपाल उपत्यका प्रवेश गरेको र कृष्ण फर्केपछि उनीहरू नेपाल उपत्यकामा नै बसोबास गरी रहेको कुरा उल्लेख गरेका छन्[२३] भने केही लेखकहरूले चाहिँ यी गोपालहरू नेपालकै आदिवासी हुन् र उनीहरूको वासस्थान मातातीर्थ हो भन्ने तर्क प्रस्तुत गरी हालसम्म पनि मातातीर्थ क्षेत्रमा गोपालहरूको बस्ती रहेको र उनीहरूले आफूलाई गोपाली वा नेवारीमा 'सापू' भन्ने गरेको कुरा उल्लेख गरेका छन्।[२४] पद्मगिरिवंशावलीले गोपालहरूलाई ब्राह्मण भनेको छ र कलियुगमा क्षत्रिय राजा हुन नसक्ने भएकोले नेमुनिले ब्राह्मणलाई राजा बनाए भन्ने कुरा उल्लेख गरेको छ ।

नेपालमा शासन गर्ने अलौकिक व्यक्तित्व

माथिको विवरणभन्दा केही भिन्न तरिकाबाट केही वंशावली एवं पुस्तकहरूमा नेमुनि प्रस्तुत गरिएका छन् । यी स्रोतले नेमुनि र गोपालवंशको कुनै सम्बन्ध नदेखाई नेमुनिलाई अलौकिक व्यक्तित्वको रूपमा चर्चा गरी उनी र उनको वंशले नेपालमा शासन गरेको कुरा उल्लेख गरेका छन्। कर्कप्याट्रिकलाई प्राप्त भएको वंशावलीमा गोपालवंशलाई नेमुनिको वंश भनी उल्लेख गरिएको छ । त्यहाँ "हाललाई हामीसँग केवल राजाहरूको वंशावली मात्रै छ, जसले नेपालमा नेमुनिको युगदेखि शासन गरेको भनेर भनिन्छ, यिनै मुनिको नामबाट यो देशले आफ्नो हालको नाम पाएको अनुमान गरिन्छ, नेमुनिको वंशले पाँच सय वर्ष पनि शासन गर्न नपाउँदै सिम्रौनगढ र जनकपुर बीचको देशबाट क्षत्रिय कुलको महिप गोपाल वंशका भूलसिंहले

---

२३. Wright, f.n. 20, p.107 (२४ परिशिष्ट)

२४. हाल मातातीर्थका गोपाली वा सापूहरूले आफूलाई कृष्णका सन्तान भन्न थालेका छन्। हेर्नुहोस्- Tulasi Diwasa and Nirmal Man Tuladhar, **Gopali Folklore and Folklife**, Kathmandu: Nepali Folklore Society, 2009, p. 28

सेनाको नेतृत्व गरी नेपालमाथि आक्रमण गरी विजय गरी आफ्नो शासन स्थापना गरे"[२५] भनी लेखिएको छ ।

कर्कप्याट्रिकपछि नेपाल आएका हेमिल्टनले नेमुनिलाई नियममुनि भनी उनको नामबाट देशको नाम नियमपाल भई त्यसैको अपभ्रंश भई नेपाल भएको भनी लेखेका छन् । त्यहाँ "यो देशको वास्तविक नाम नियमपाल हो, जुन एक जना नियम नाम गरेका मुनि अर्थात् ज्यादै पवित्र व्यक्तिको नामबाट रहन गएको हो, जसलाई कर्णेल कर्कप्याट्रिकले नैमुनि भनेर लेखेका छन्"[२६] भनी लेखिएको छ। तर कर्कप्याट्रिकको भनाइविपरीत उनले गोपालवंशलाई पराजित गरी नेपालमा शासन गर्ने महिषपालवंशलाई नेमुनिकै सन्तान मानेका छन् । अहिरवंशका तीन जना राजाहरूले यहाँ १७५ वर्ष राज्य गरे, यिनीहरू नियममुनिका सन्तान हुनुपर्दछ भनी हेमिल्टनले लेखेका छन् ।[२७]

डेनियल राइटले सम्पादन गरेको वंशावलीमा नेमुनिको ठूलो गुणगान गरिएको छ । त्यहाँ "ती ठूला ऋषि जसको नामबाट नेपालले आफ्नो नाम पायो, ने नाम गरेका भक्त थिए, उनले आफ्नो भक्तिको कार्य वाग्वती र केशावतीको दोभानमा गर्दथे र स्वयम्भू र वज्रयोगिनीको आशीर्वादबाट उनले मानिसलाई धर्मको सच्चा बाटोमा लाग्न निर्देशन दिए, उनले देशमाथि शासन पनि गरे"[२८] भनी लेखिएको छ । यहाँ नेमुनिले 'देशमाथि शासन पनि गरे' भनी लेखिएको कुरा महत्त्वपूर्ण छ। किनकि यहाँ नेमुनिले नेपाल राज्यको पहिलो राजाको नियुक्ति मात्रै नगरी आफैँले शासन पनि गरेको कुरा उल्लेख भएको छ। यहाँ वंशावलीको आशय नेमुनिले केवल राजाको नियुक्तिमात्रै नगरी उनलाई शासन व्यवस्था चलाउने आवश्यक निर्देशन पनि दिएका थिए भन्ने बुझिन्छ। नत्र भने सोही वंशावलीले गोपाल र गाईको प्रसङ्ग जोड्दै नेमुनिले भस्म भएका गोपालका छोरालाई राजा बनाएको कुरा विस्तृत रूपमा वर्णन गर्ने थिएन ।[२९] ओल्डफिल्डले नेपालको पहिलो राजवंश (गोपालवंश) नेमुनिको वंश भएको कुरा उल्लेख गरेका छन् । "नेवारहरूको

---

२५. Colonel Kirkpatrick, **An Account of the Kingdom of Nepaul,** New Delhi : Asian Publication Services, 1975 (Reprint), pp. 255-256 (२१ परिशिष्ट)

२६. Francis Buchanan Hamilton, **An Account of the Kingdom of Nepal,** New Delhi : Asian Educational Service, 1986 (Reprint), p. 187. (२२ परिशिष्ट)

२७. *Ibid*, p. 190. (२२ परिशिष्ट)

२८. Wright, f.n. 20, p. 89 (२४ परिशिष्ट)

२९. *Ibid*, pp. 107-108 (२४ परिशिष्ट)

अनुश्रुतिले देखाएअनुसार यो देशमा स्थापित पहिलो राजवंश नैमुनिको थियो जसले ४९१ वर्ष शासन गऱ्यो"[३०] भनी त्यहाँ लेखिएको छ। यहाँ लेखकले आफ्नो भनाइलाई 'नेवारहरूको अनुश्रुति'का आधारमा प्रस्तुत गरेका छन्। तर उनले कुन स्रोतलाई सङ्केत गर्न खोजेको हो स्पष्ट रूपमा खुल्दैन।

विदेशी लेखकहरूले सङ्कलन गरेका माथिका स्रोतका अतिरिक्त वंशावलीलगायतका अन्य स्रोतले पनि नेमुनिले नेपालमा शासन गरेको वा नेपाल देशलाई पालन गरेको कुरा गरेका छन्। भाषावंशावलीअनुसार नेमुनिले श्रीवज्रयोगिनीबाट वर प्राप्त गरी शास्त्रका प्रवन्धअनुसार पशुपति क्षेत्रको धर्मले पालना गरी उनैको नामबाट नेपाल भनी प्रख्यात भएको थियो। "नेमुनि पनि अरू मुनिहरूले सहित भई मणिचूडमा जाई वस्या, यिनै मरीचिका पुत्र मुनिले पूर्वकालमा १२ वर्षसम्म शैलकोट पर्वतमा रही तप गर्दा श्रीवज्रयोगिनी प्रसन्न भै तेरा तपले म सन्तुष्ट भयाँ, सब जोगीहरूभन्दा पनि सिद्ध भयौ, ऐलेदेखि समयपर्यन्त तिम्रा नामले गरी नेपाल भनी प्रख्यात भै संसारमा सिद्ध भई रही अन्तमा मविषे लीन हौला, हे पुत्र यो नेपालकन त्रैलोक्यमा गरिष्ठ भयाको भुक्तिमुक्तिदायक क्षेत्रमा श्रीपशुपतिकन अर्चन गरिरहनु. यति ईश्वरीबाट नेमुनिले नेपालकन धर्मले पालना गर्नु भन्या वर पाया. शास्त्रका प्रवन्धले गरी पशुपति क्षेत्रकन धर्मले पालना गरी लोककन बोध दी नियम गराई व्रतादि उपवास गराईरह्या, नेमुनिले पालना गर्दा नेपाल भनी प्रख्यात भै गयो, तसर्थ विना नेमुनिका कृपा नभै ज्योति ईश्वरका दर्शन पाउनु कष्ट छ, नेपालका गुरु नेमुनि हुन्"[३१] भनी लेखिएको छ।

भाषावंशावलीले वर्णन गरेअनुसार नै हिमवत्खण्डमा पनि नेमुनिले नेपालको पालना गरी पशुपति क्षेत्रको रक्षा गरेको कुरा परेको छ। "अघि ने नाउँ भएका ठूला तपस्वी आर्यश्रेष्ठ मुनि थिए, ती मरीचिका छोरा हुन्, ती नेमुनिले १२ वर्षसम्म कठोर ठूलो अद्भुत तपस्या योगिनी भएका ठाउँमा गरे, ती नेमुनिले सप्तर्षिका साथ पर्वतका ओडारमा विश्वकर्माले वनाएका स्तोत्रले पूजा गरे, ती मुनिका भक्तिपूर्वकका तपस्या देखी योगिनी देवी अत्यन्त प्रसन्न हुनुभयो र नेमुनिलाई वरदान दिन प्रकट हुनुभयो, योगिनी देवी भन्नुहुन्छ- हे बाबु तिमीले पशुपतिको यस उत्तम क्षेत्रलाई धर्मको रक्षाको निमित्त धर्मपूर्वक पालना गर, त्यसपछि सबैले तीनै लोकमा महत्त्वपूर्ण यो क्षेत्र तिम्रो नामले नेपाल भनेर पुकार्नेछ, वर पाएका नेमुनिले देवीको आज्ञाअनुसार सर्वदा पाशुपत क्षेत्रको धर्मपूर्वक रक्षा गरे, लोकलाई राम्ररी बुझाई गर्नुपर्ने नियमहरू

---

३०. H. Ambrose Oldfield, **Sketches from Nipal**, Vol. 1, Delhi : Cosmo Publications, 1974 (Reprint), p. 257 (२३ परिशिष्ट)

३१. पौडेल, टिप्पणी नं. १३, पृ.३०-३१ (१२ परिशिष्ट)

सम्झाई व्रत उपवास पूजाहरूद्वारा नेमुनिले पाशुपत क्षेत्रको रक्षा गरे, त्यसपछि देव असुर आदि सबै लोकले नेपालको प्रतिष्ठा गरे, देवीको निगाहबाट वर पाएका नेमुनिले तपस्या गरेका हुनाले नेपाल भनियो"[३२] भनी त्यहाँ लेखिएको छ। भाषावंशावलीमा हरिहर (श्रीकृष्ण श्रीपशुपति) प्रकट भई नेमुनिलाई श्लेष्मान्तकवनको वासुकि क्षेत्रको पालना गर्नु भन्ने आज्ञा भएको कुरा उल्लेख भएको छ। "नेमुनि प्रभृति व्राह्मणले नेपाल क्षेत्र भनी ईश्वरका आज्ञा पाई पूजापाठ धर्मकर्म शास्त्र आदि प्रमाणले गरी नेपाल पालना गर्नाको उद्योग मनमा लिँदा भया, हिमवत्पर्वत कुक्षीमा रह्याको भूमिकन नेपाल भंन्या नाम प्रख्यात हुन गयो"[३३] भनी त्यहाँ लेखिएको छ।

माथिको वर्णन केही भिन्नै रूपमा अर्को एउटा वंशावलीमा पनि उल्लेख भएको पाइन्छ। "अघि कोइ कालमा मरीचीका पुत्र नेमुनी पनि योगेश्वरीको महिमा सुनी मणिचूड पर्वतमा गई १२ वर्षसम्म सारै कष्टमा रही तप गर्दा श्रीवज्रयोगिनी प्रादुरभाव भई हे नेमुनी तिम्रा तपस्याले म प्रसन्न भएँ अब तिमी सिद्ध भयौ तिम्रो कीर्ति प्रलयकालसम्म रहने छ, तिम्रै नामले यस देशको नाम पनि नेपाल रहनेछ, भुक्तिमुक्तिदायी यो देस हो भन्ने बुझेर श्रीपशुपतिनाथको पूजाहारी भै बस भन्ने आज्ञा हुंदा आफ्ना आश्रममा आई पशुपतिनाथको पुजाहारी भई धर्मराजका वचनअनुसार प्रजालाई पालना गरी परम आनन्दले रहँदा भये"[३४] भनी त्यस वंशावलीमा लेखिएको छ।

माथिका विभिन्न स्रोतलाई केलाएर हेर्ने हो भने कर्कप्याट्रिक, हेमिल्टन, ओल्डफिल्ड, राइट जस्ता विदेशी लेखकहरूले आफूलाई प्राप्त स्रोतका आधारमा नेमुनिले नेपालमाथि शासन गरे भनी स्पष्ट रूपमा उल्लेख गर्नाको साथै नेपालको पहिलाका दुई राजवंश (गोपालवंश र महिषपालवंश) नेमुनिका वंश हुन् भन्ने कुरा पनि उल्लेख गरेका छन्। तर विदेशी लेखकका यी भनाइलाई नेपाली वंशावली तथा हिमवत्खण्डले समेत खण्डन गरेका छन्। यी स्रोतले नेमुनिले नेपाल क्षेत्रमाथि शासन गरेको नभई उक्त क्षेत्रको धर्मशास्त्रपूर्वक पालना गरेको कुरा उल्लेख गरेका छन्। यसबाट के देखिन्छ भने नेमुनिले नेपाल राज्यको पहिलो राजवंशको पहिलो राजाको नियुक्ति मात्रै नगरी उनलाई धर्मशास्त्रबमोजिम आवश्यक निर्देशनसमेत दिएको देखिन्छ।

---

३२. नरहरिनाथ र अरू (सं.), हिमवत्खण्डः (स्कन्दपुराणमध्ये), काशी : योगप्रचारिणी, २०१३, पृ.१५३-१५४ (१७ परिशिष्ट)

३३. पौडेल, टिप्पणी नं. १३, पृ.२४-२५ (१० परिशिष्ट)

३४. 'यज्ञप्रसाद रूपाखेतीले सारेर राखेको वंशावली', हेर्नुहोस् गोविन्द टण्डन, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन** (एक भाग), काठमाडौं : झरेन्द्र शम्शेर ज.ब.रा. तथा मञ्जु राणा, २०५३, पृ. १३७ (९ परिशिष्ट)

यसै क्रममा नेमुनि पशुपतिको पूजाहारी भई वसेको पनि स्रोतले उल्लेख गरेको छ।

विरूपाक्षका उद्धारकर्ता

माथिका स्रोतहरूले नेमुनिलाई नेपालको पहिलो राजवंशका संस्थापक तथा नेपाल राज्यको पालन गर्ने अद्भुत व्यक्तिको रूपमा वर्णन गरेका छन् भने भाषावंशावलीले उनलाई विरूपाक्षको उद्धारकर्ताको रूपमा पनि चित्रण गरेको छ। पशुपतिको मन्दिरको पछाडिपट्टि पूर्व दिशामा एउटा मूर्ति रहेको छ जुन विरूपाक्ष हो भनी विश्वास गरिन्छ। मातृगमनको अपराध मोचनको निमित्त प्रायश्चित्त गरिरहेको उक्त विरूपाक्षको मूर्तिमा उसको पाप मोचन होस् भनी भक्तजनले पानी चढाउने पनि गर्दछन्। केहीले भने यो मूर्तिलाई कलिको संज्ञा दिई मूर्ति जमिनभन्दा माथि विस्तारै आइरहने र मूर्तिको नाभि देखिएपछि नेपालमा कलियुगले मध्यभागमा प्रवेश गरेको मानिने विश्वास गरेका छन्। प्रचलित कथाअनुसार देउपाटनका विरूपाक्ष शिवभक्त थिए र उनले शिवजीलाई प्रसन्न गरी मेरो कर्मरेखामा के छ भनी सोद्धा तिम्रो भाग्यमा मातृगमनको योग छ भनी शिवजीले भनेपछि दिक्क भई विरूपाक्ष घर छोडी हिंडे, आफ्नो एक मात्र छोरो बेपत्ता भएपछि उनकी आमा पनि घरवार छोडी हिंडिन्, संयोगवश कान्तिमती नदीमा वाह्र वर्षे मेला एक महिनासम्म लाग्दा आमा र छोरा एउटै छाप्रोमा परेर आपसमा चिनजान नहुँदा ती दुईविच शारीरिक सम्वन्ध भयो, आफ्नी आमा भन्ने थाहा पाएपछि विरूपाक्ष निकै दु:खी भए र शिवजीको आदेशानुसार पशुपति मन्दिरको पछाडि बसी प्रायश्चित्त गर्न थाले, भक्तजनले पानी चढाई उनलाई छोएपछि विरूपाक्षको पाप मोचन हुँदै जाने शिवजीको कथन थियो।[३५]

एउटा अर्को कथाअनुसार विरूपाक्षको नाम सनज्जात थियो र विरूपाक्षको वाल्यकालमा नै उनका वाबुको मृत्यु भएको थियो। उनकी विधवा आमा घरमा टिक्न नसकी छोरालाई गुरुको आश्रममा छोडी आफू घर छोडी हिंडिन्। संयोगवश आमा छोराको भेट भयो र चिनजान नभएकोले दुवैवीच शारीरिक सम्वन्ध कायम भयो। आमा भनेर थाहा भएपछि सनज्जातलाई ठूलो पश्चात्ताप भयो र पापमोचनका लागि धौतपाप तीर्थको सेवा गर्दै रहे।[३६]

---

३५. ललितजंग सिजापति, नेपाली ऐतिहासिक कथा सङ्ग्रह, काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति, २००५, पृ.६३-६७

३६. बदरीनाथ भट्टराई, पौराणिक कहानी, ललितपुर : साझा प्रकाशन, २०४५ (पुनर्मुद्रण), पृ.४५-५०

यी दुवै कथामा नेमुनिको कुनै उल्लेख आएको छैन। पहिलो कथामा शिवजीको आज्ञाअनुसार तथा दोस्रो कथामा गालव ऋषिको सल्लाहअनुसार विरूपाक्षले आफ्नो पापको प्रायश्चित्त गरेका थिए। तर भाषावंशावलीमा भने नेमुनिले विरूपाक्षको पापको प्रायश्चित्त गराई उद्धार गरे भनी लेखिएको छ। वंशावलीअनुसार "पापचित्त भै मातृगमन सुरापान मांसाहारी अनाचारी वेश्यागमन आदि पापले जाति भ्रष्ट भयाका ब्राह्मण भै वेदशास्त्र नपढी पापात्मा भै व्रणकुष्ट प्रभृति नाना रोगले पीडित भै अत्यन्त विरूप भयाका" यस्ता विरूपाक्षले ईश्वरको नाम पुकारी कष्ट सहिरहेको नेमुनिले देखी उनको पाप मोचन गराएका थिए।[३७]

पाप मोचनका लागि नेमुनिले दिएको उपदेशमा नेपाल भूमिको उल्लेख आएको छ। नेमुनिले विरूपाक्षलाई दिएको उपदेशलाई वंशावलीले यसरी प्रस्तुत गरेको छ :

"ईश्वरका अनुग्रहले मेरो नामले गरी नेपाल भूमि नाम भयाका यस मेरा क्षेत्रमा साढे तीन कोटी तीर्थले युक्त भयाका फेरि चतुषष्टिलिङ्ग विराजमान छन्। देव गन्धर्वले पूजा गरिराख्याका छन्। अब तिमीले जहाँ जहाँ तीर्थ छन् त्यहाँ त्यहाँ स्नान गरी शिवलिङ्गकन पूजा भक्ति गर। त्यहाँपछि पाप मुक्त भै पुरुषमध्ये उत्तम हौला।"[३८]

नेमुनिको आज्ञाबमोजिम नियमपूर्वक शिवलिङ्गको पूजा गर्दै जाँदा विरूपाक्षको पाप मोचन हुँदै गए तापनि पूर्ण रूपले पाप मुक्त भने हुन सकेका थिएनन्। फेरि नेमुनिलाई खुशी पारी उनीबाट उपदेश पाई मडिचूड पर्वतमा गई ईश्वरको स्तोत्र पूजा भक्तिभाव गरेपछि देवी प्रत्यक्ष भई वर दिएपछि विरूपाक्ष पापमुक्त भएको वर्णन वंशावलीले गरेको छ।[३९]

भाषावंशावलीका अतिरिक्त काठमाडौँ उपत्यकाको एक राजवंशावलीले पनि नेमुनिद्वारा विरूपाक्ष पापमुक्त भएको कुरालाई यसरी वर्णन गरेको छ– "विरूपाक्ष नाम गरेका पापात्मा ब्राह्मण यतिले गुरु नेमुनि पायी नियम गरी सबै तीर्थयात्रा लिङ्गयात्रा गरी श्रीमृगरूप पशुपति पुग्दा सिद्ध भै उद्धार भैगया यिनको सिद्ध भयाको मूर्ति मृगेश्वरका बायांतिर दक्षिण मोहडा गरिएको अद्यापि छँदैछ"[४०]

---

३७. पौडेल, टिप्पणी नं. १३, पृ.२९ (११ परिशिष्ट)
३८. ऐजन, पृ.२९-३० (११ परिशिष्ट)
३९. ऐजन, पृ.३० (११ परिशिष्ट)
४०. वालचन्द्र शर्मा (सं.), 'काठमाडौं उपत्यकाको एक राजवंशावली', **प्राचीन नेपाल**, सङ्ख्या ४, २०२५, पृ.४ (४ परिशिष्ट)

प्रचलित कथाअनुसार विरूपाक्षले अन्जानवश मातृगमन गरेका थिए। तर भाषावंशावलीले भने उनलाई पापचित्त भई मातृगमन सुरापान मांसाहारी अनाचारी वेश्यागमन आदि पापले जातिभ्रष्ट भएको भनी निन्दा गरेको छ। अर्को वंशावलीले पनि उनलाई पापात्मा भनी लेखेको छ। जुनसुकै अवस्थामा पनि नेमुनिद्वारा विरूपाक्ष पापमुक्त भएको सन्दर्भलाई मातातीर्थ र नेमुनिसँग सम्वद्ध घटनाको रूपमा लिन सकिन्छ। विरूपाक्षको भनिएको सो मूर्ति किरात राजा शङ्कुको हो भन्ने चलन पनि चलेको कुरा यस प्रसङ्गमा स्मरणीय छ।

मातातीर्थको उत्पत्तिका सन्दर्भमा पनि नेमुनिको उल्लेख आएको छ। राइटवंशावलीले मातातीर्थको नामकरण नेमुनिले गरेको कुरा वर्णन गरेको छ। त्यहाँ "नेमुनिको समयमा उनका एकजना गोठाला आफ्नी आमाको मृत्युबाट ज्यादै दु:खी भई वैशाखको पन्ध्रौँ दिनमा घर नजिकको जङ्गलमा गई पाकेको भातको एक डल्लो आमाको नाममा पहाड बाट आएको पानी जम्मा गर्ने ठूलो भाँडोमा राखे, त्यो भाँडोमा उनकी आमाको अनुहार र हात देखा पऱ्यो र हातले त्यो भात टिपेर खाइन्, यसै कारणले नेमुनिले त्यो ठाउँलाई मातातीर्थ भनी नामकरण गरे, आज पनि त्यो निश्चित दिनमा मानिसहरू त्यहाँ गई पाकेको भातका डल्लाहरू आफ्ना मरेका आमाहरूको नाममा राख्ने गर्दछन्"[४१] भनी लेखिएको छ।

नेपालको पालनकर्ता तथा पहिलो राजवंशको संस्थापकका साथै विरूपाक्षका उद्धारकर्ता तथा मातातीर्थनामकरण प्रसङ्गलाई नेमुनिसँग सम्वद्ध पक्षको रूपमा लिन सकिन्छ।

नीप राजा र नेमुनि

नेपालको पालनकर्ता तथा नेपाल राज्यको पहिलो राजवंशको संस्थापकको रूपमा नेमुनिलाई लिने गरेकोमा केहीले उनै नेमुनिलाई पारकोटका राजा नीपसँग पनि जोड्ने प्रयत्न गरेका छन्। गण्डकीमाहात्म्यअनुसार पारकोटका राजा पारका छोरा नीपले शिवजीको तपस्या गरी आफ्नो देशको नाम नेपाल राखेका थिए। "सोमवंशी बलवान् राजा सुचिराश्व भए, उनका पार नामका छोरा भए, पारका छोरा नीप भए, शत्रुका राज्य जित्ने पार राजा हिमालयमा आए र विधर्मी म्लेच्छहरूलाई मारेर असल देश बनाए, गण्डकी र त्रिशूलगङ्गाको वीचमा रहेको पारकोट नामको देश सबैतिर प्रख्यात भयो, शिवका भक्त नीप बुद्धिमान् थिए,

४१. Wright, f.n. 20, pp. 107-108 (२४ परिशिष्ट)

शिवलाई आराधना गरेर तिनले नैपाल देश वनाए"[४२] भनी गण्डकीमाहात्म्यमा लेखिएको छ ।

हालको तनहुँस्थित पुर्कोट नै पहिलेको पारकोट हो र पारका छोरा नीपले शिवजीको तपस्या गरी मेरो राज्य नीप नामबाट प्रसिद्ध होस् भनी वर मागेकाले शिवजीले मेरो मूलस्थान पाशुपतक्षेत्र तिम्रै नीप नामवाट नेपाल नामले प्रसिद्ध हुनेछ भनी वरदान दिएकाले नेपाल नाम रहन गएको हो भन्ने भनाइ छ ।[४३]

यहाँनेर नेमुनिलाई यिनै नीप राजासँग जोडेर नेमुनिको वासस्थान पारकोट थियो भन्ने केहीले तर्क गरेको देखिन्छ । तर विचारणीय कुरा के छ भने वंशावलीलगायत कुनै पनि स्रोतले नेमुनिलाई नीप भनेर लेखेको छैन । हेमिल्टनले नेमुनिलाई नियममुनि भनेर लेखेका छन्[४४] भने नेपालमाहात्म्यमा नेको सट्टा नेमि शब्द परेको छ र ती सबैले नेमुनिलाई नै सङ्केत गर्दछन् ।

पशुपतिको ज्योतिर्लिङ्ग पत्ता लगाउने गोपाललाई नेप भनेर गोपालराजवंशावलीलगायत वंशावलीहरूले लेखेका छन् । तर ती गोपाललाई पारकोटका राजा नीपसँग जोड्न मिल्दैन । वास्तवमा नेमुनि, नेप गोपाल तथा पारकोटका राजा नीप भिन्नाभिन्नै व्यक्ति हुन् ।

साहित्यिक कृति तथा अभिलेखमा नेमुनि

विभिन्न वंशावली एवम् पौराणिक ग्रन्थहरूका साथै केही साहित्यिक कृति तथा अभिलेखमा पनि नेमुनिको उल्लेख आएको छ र ती सबैमा नेमुनिलाई नेपालको पालनकर्ता, तीर्थगुरु भनेर सम्वोधन गरिएका छन् भने नेमुनिले आफ्नो तपस्याले वनाएको नेपाल भनी वर्णन गरिएको पाइन्छ ।

राजा यक्ष मल्लको शासनकालमा वि.सं. १५०९ मा लेखिएको चतुरङ्कमहाभारतनाटकनामक ग्रन्थमा नेमुनिले पालना गरेको देश नेपाल भनी उल्लेख भएको छ । "उहिले नेमुनिले पालना गरिएको देश हुनाले नेपाल भनी मुनिहरूले नाउँ राखिएको यस देशमा राम्रो ललितपुर भन्ने शहर छ, तागाधारी महापात्रहरू त्यसको पालना गर्नुहुन्छ, त्यहाँ मणिनागराज हुनुहुन्छ"[४५] भनी त्यहाँ लेखिएको छ ।

---

४२. ज्ञानमणि नेपाल, नेपालनिरुक्त, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४०, पृ.३७ (२० परिशिष्ट)

४३. डिल्लीराम मिश्र, नेपाल अधिराज्यमा तनहुँ, काठमाडौं : शर्मिला मिश्र, २०५७, पृ. ३८

४४. Hamilton, f.n. 26, p.187 (२२ परिशिष्ट)

४५. धनवज्र वज्राचार्य र अरू, इतिहास-संशोधनको प्रमाणप्रमेय, ललितपुर : जगदम्वा प्रकाशन, २०१९, पृ. ५-६

यहाँनिर उल्लेख गर्नुपर्ने कुरा के के छ भने गोपालराजवंशावली स्थितिराज मल्लको अन्तिम समयतिर लेखिएको देखिन्छ। किनकि उक्त वंशावलीमा ने.सं. ५०९ (वि.सं. १४४६) सम्मका घटना टिपिएका छन्।[४६] स्थितिराज मल्लको निधन वि.सं. १४५२ मा भएको हो।[४७] त्यसको लगभग ६० वर्षपछिको साहित्यिक कृतिमा नेमुनिको उल्लेखबाट त्यतिबेला नै नेमुनिले पालना गरेको देश नेपाल भनी प्रख्यात भइसकेको स्पष्ट छ। कान्तिपुरका राजा जगज्जय मल्लको वि.सं. १७८५ को ताम्रपत्रमा पनि नेमुनिको उल्लेख आएको छ। उक्त ताम्रपत्रमा भए जति देवताको नित्यपूजा र लिङ्गयात्रा तीर्थयात्रा कुण्डयात्रा गर्ने तीर्थगुरुको रूपमा नेमुनिको गुणगान गरिएको छ।[४८] यसबाट पनि मध्यकालमा नेमुनिलाई विशिष्ट स्थान दिइसकिएको कुरा देखिन आउँछ। रणबहादुर शाहको राज्यकालमा वि.सं. १८४९ मा शक्तिवल्लभ अर्ज्यालले रचना गरेको जयरत्नाकरनाटकमा पनि नेमुनिको उल्लेख आएको छ। उक्त ग्रन्थमा नेमुनिले आफ्नो तपस्याले नेपाल बनाएको भनी लेखेको छ। ग्रन्थकै शब्दहरूमा "वाग्वतीको चीसो हावाले शीतल भएको, नेमुनिले आफ्नो तपस्याले बनाएको, पुण्यको भोग गर्ने ठाउँ भएको मनोहर त्यस सहरलाई देखेर को वश नपर्ला ?"[४९] भनी लेखिएको छ।

नेपालको भाषावंशावलीको पहिलो रूप भीमसेन थापाको शासनकालमा तयार भएको तथ्यलाई धेरैले स्वीकार गरेका छन्।[५०] भाषावंशावली लेखिनुभन्दा केही अगाडि लेखिएको साहित्यिक कृतिमा नेमुनिद्वारा बनाइएको देश नेपाल भनी उल्लेख भएबाट भाषावंशावलीले गरेको नेमुनिसम्बन्धी विस्तृत विवरणको आधार पहिले नै तयार भइसकेको देखिन्छ।

यीदेखि बाहेक पशुपतिपुराण तथा नेपालमाहात्म्यमा पनि नेमुनिको उल्लेख आएबाट माथि उल्लिखित स्रोतका लागि थप विवरण प्राप्त भएको छ। नेपालमाहात्म्यमा नेमुनिद्वारा पालना गरिएको नेपाल भनी उल्लेख भएको

महेशराज पन्त, 'चाडबाड जात्रामात्रामा खेलाइएका, नेपालमा बनाइएका केही संस्कृत नाटक', पूर्णिमा पूर्णाङ्क ३६, २०३४, पृ. ३०१-३०५ (१ परिशिष्ट)

४६. Vajracarya and Malla, f.n.16, p.114

४७. धनवज्र वज्राचार्य र अरू, टिप्पणी नं. ४५, पृ. ५-६

४८. गोविन्द टण्डन, पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन (दुई भाग), काठमाडौं : झरेन्द्र शम्शेर ज.ब.रा. तथा मञ्जु राणा, २०५६, पृ. २३६-२३८ (२ परिशिष्ट)

४९. धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल (सं.), जयरत्नाकरनाटक, काठमाडौं : नेपाल सांस्कृतिक परिषद्, २०१४, पृ. २०७ (३ परिशिष्ट)

५०. बाबुराम आचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग-१, काठमाडौं : प्रेस सचिवालय राजदरबार, २०२४, पृ. ३६-३७

छ[५१] भने पशुपतिपुराणमा पनि ने नामका मुनिद्वारा पुण्य कर्मद्वारा पहिले पालना गरिएको हुनाले हिमालयको काखमा रहेको यो क्षेत्र नेपाल भनी भनिन्छ[५२] भनेर लेखिएको छ ।

यस प्रकार तात्कालिक साहित्य तथा अभिलेखबाट नेमुनिको बारेमा केही कुरा थाहा हुन आउँछ ।

निष्कर्ष

माथिको वर्णनबाट नेपाल राज्यको स्थापनामा नेमुनिको अस्तित्व रहेको देखिन्छ। उनलाई नेपालको पहिलो राजवंशको संस्थापकको रूपमा लिने गरिएको छ। तर नेमुनिलाई प्रमाणित गर्ने तात्कालिक स्रोतको अभाव छ। इतिहास लेखनको सामान्य सिद्धान्तअनुसार तात्कालिक ऐतिहासिक स्रोतले कुनै कुराको खण्डन नगरेसम्म पछिका वंशावली तथा अन्य स्रोतले दिएका वर्णनलाई पूरै बेवास्ता गर्न सकिँदैन। पछिल्लो कालका वंशावली, पौराणिक ग्रन्थ, साहित्यिक कृति एवं अभिलेखले समेत नेमुनिको अस्तित्वलाई स्वीकार गरेको छ। वंशावलीले दिएका सम्पूर्ण विवरणलाई हामी स्वीकार गर्न सक्दैनौँ तापनि त्यसमा रहेका कुरालाई हामीले पूरै बेवास्ता गर्न पनि मिल्दैन। यही सन्दर्भमा माथि विवेचना गरिएका स्रोतका आधारमा नेपालको इतिहासमा नेमुनिको भूमिकाबारे केही निचोड निकाल्न सक्छौँ ।

सबैभन्दा पहिले नेमुनि कहाँबाट आएका थिए ? उनको जन्मस्थल कहाँ थियो ? मणिचूड पर्वतमा तपस्या गर्नुभन्दा अघि उनको बासस्थान कहाँ थियो ? आदि प्रश्न उठेका छन्। नेमुनिलाई पारकोट (पुर्कोट) का राजा पारका छोरा नीपसँग जोडी उनको जन्म पुर्कोट (तनहुँ) मा भएको र बासस्थान पनि त्यतैतिर भएको तर्क पनि दिने गरेको पाइन्छ ।[५३]

तर नेमुनि र नीप राजा एउटै व्यक्ति थिए भन्ने कुनै आधार छैन। नेमुनि काठमाडौँउपत्यका बाहिरबाट आएको भन्ने कुनै स्रोतले उल्लेख गरेको छैन। श्रीकृष्णको सम्बन्धमा उनी द्वारका(भारत)बाट आएको र मञ्जुश्री

---

५१. मुक्तिनाथ खनाल (अनु.) **नेपाल माहात्म्य**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०२८ (१९ परिशिष्ट)

५२. मधुसूदन रिसाल 'प्रदीप' (अनु.), **पशुपतिपुराण**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०२९, पृ. १५० (१८ परिशिष्ट)

५३. शिवराज शर्मा पौडेल, 'ने' मुनिको जन्म तनहूँमा भएको तथ्य', **जनमञ्च**, (२४ साउन, ३१ साउन, ६ भाद्र, २०७२) (२६ परिशिष्ट)
शिवराज शर्मा पौडेल, 'ने-मुनि पछ्याउँदै', **अन्नपूर्ण पोस्ट**, (१४ कात्तिक, २०७२) (२७ परिशिष्ट)

महाचीनबाट आएको भन्ने कुरा वंशावलीहरूमा स्पष्टसँग लेखिएको छ। तर नेमुनि बाहिरबाट आएको भन्ने सङ्केतसम्म पनि गरिएको छैन। वंशावली तथा हिमवत्खण्डले नेमुनिलाई मरीचिका पुत्र भनी लेखेका छन्[५४] तापनि नेमुनिको जन्म तथा कार्यकलाप नेपालखाल्डोबाहिर भएको कुनै पनि स्रोतले सङ्केतसम्म पनि नगरेकोले नेमुनिको सबै कार्यकलाप नेपालखाल्डोभित्रै भएको देखिन्छ। अतः नेमुनि नेपालकै ऋषि थिए भन्ने देखिन्छ। यस अवस्थामा नेमुनिको कर्मस्थल कहाँ थियो र उनले कहाँ बसी ईश्वरको आराधना गरेका थिए भन्ने चर्चा गर्नु पनि आवश्यक देखिन्छ। राइटवंशावलीले नेमुनिले वाग्वती र केशावतीको दोभानलाई आफ्नो आराधनास्थल बनाएको कुरा उल्लेख गरेको छ। बौद्धहरूले केशावती भन्ने नदीलाई हिन्दूहरू विष्णुमती भन्ने गर्दछन्। किनकि उक्त नदी भगवान् विष्णुको पाउबाट बगेको छ। बौद्धहरूको धारणाअनुसार क्रकुच्छन्द बुद्धले नेपाली भिक्षुहरूको केश मुण्डन गर्दा केश विसर्जन गरेको नदी भएकोले केशावतीको नाम दिइएको हो।[५५] वाग्वती र केशावती (विष्णुमती) को दोभान भन्नाले हालको टेकु दोभान पर्न आउँछ र नेमुनिको आराधनास्थल त्यही नै भएको देखिन्छ।[५६] तर भाषावंशावलीले भने नेमुनिले पूर्वकालमा शैलकोटमा बाह्र वर्षसम्म तपस्या गरेको कुरा उल्लेख गरेको छ, अनि नेमुनिसहित अन्य मुनिहरू मणिचूडमा गई बसेको विवरण पनि दिएको छ। अर्को एउटा वंशावलीले नेमुनिले मणिचूड पर्वतमा गई बाह्र वर्षसम्म साह्रै कष्टमा रही तपस्या गरे भनी लेखेको छ। शैलकोट र मणिचूड पर्वत एउटै स्थानका दुईवटा नाम देखिन्छन्। यो कुरालाई वज्रयोगिनीनजिक रहेको नेमुनिको मन्दिरले पनि पुष्टि गरेको छ।[५७] यस प्रकार नेमुनिको पहिलो कर्मस्थल मणिचूड तथा पछि उनको आराधनास्थल टेकु दोभान भएको देखिन्छ। श्रीकृष्णको दर्शन गर्न नेमुनिको नेतृत्वमा मुनिहरूको समूह नै दोलागिरि ऋष्याश्रमबाट पशुपति क्षेत्रमा आएको कुरा भाषावंशावलीले लेखेको छ भने एउटा अर्को वंशावलीले नेमुनिले पाशुपत क्षेत्रको रक्षा गरी पशुपतिको नित्य पूजा गरी पुजाहारी भई बसेको विवरण पनि दिएको छ।

---

५४. टण्डन, टिप्पणी नं. ३४, पृ. १३७, नरहरिनाथ, टिप्पणी नं. ३२ पृ. १५३-१५४

५५. Kamal P. Malla, 'River-Names of the Nepal Valley : A Study in Cultural Annexation', **Contributions to Nepalese Studies**, Vol. 10. Nos. 1 and 2, 1982-83, p. 62.

५६. ढुण्डिराज भण्डारी, **नेपालको ऐतिहासिक विवेचना**, वाराणसी : कृष्णकुमारी, २०२५ (द्वितीय संस्करण), पृ. २४

५७. पाण्डे र रेग्मी, टिप्पणी नं. ११, पृ. १६९; Bal Gopal Shrestha, 'The Ritual Composition of Sankhu', Ph.D. Dissertation submitted to Leiden University, 2002, p. 329

यसबाट नेमुनि केही समय दोलागिरि (चाँगुनारायण क्षेत्र) मा बसेको र पछि पशुपति क्षेत्र उनको कार्यस्थल भएको विभिन्न स्रोतले देखाएको छ। जगज्जय मल्लको ताम्रपत्रमा "श्रीगणेश श्रीआदिपशुपति आर्यादेवी वाग्वती विश्वेश्वर चण्डेश्वर भुवनेश्वर किरातेश्वर ज्ञानेश्वर शङ्खनिह्मनारायण सूर्यनारायण कीलेश्वर यति भए जति देवताको नित्यपूजा र लिङ्गयात्रा तीर्थयात्रा कुण्डयात्रा गर्ने तीर्थगुरु नेमुनि" भनी उल्लेख गरिएवाट नेमुनिको कार्यस्थल काठमाडौँउपत्यकाभित्रका विभिन्न ठाउँ थियो भन्ने देखिन्छ।[५८]

नेपालको पहिलो राजवंशको स्थापनामा नेमुनिको भूमिकाबारे केही वाझिएका कुरा लेखिएका छन्। आफूलाई प्राप्त स्रोतका आधारमा सबैजसा विदेशी लेखकहरूले गोपालवंशलाई नेमुनिकै वंश भनी लेखेका छन्। कर्कप्याट्रिकले गोपालवंश नेमुनिको वंश भनी लेखेका छन् भने हेमिल्टनले महिषपालवंशसमेत पनि नेमुनिका सन्तान भनी उल्लेख गरेका छन्।[५९] ओल्डफिल्डले नेपालको पहिलो राजवंश नेमुनिको थियो भनी लेखेका छन् भने राइटले पनि नेमुनिले देशमाथि शासन पनि गरे भनी उल्लेख गरेका छन्।[६०] केवल हसरतले पद्मगिरिवंशावलीलाई उद्धृत गरी नेमुनिले गोपाललाई राजा बनाई नेपाल देशको सार्वभौम सत्ता प्रदान गरे भनेर लेखी नेमुनिले शासन गरेको कुरालाई खण्डन गरेका छन्।[६१]

नेपालका सबैजसा वंशावलीहरूले पद्मगिरिवंशावलीमा लेखिएको कुरा मानिआएका छन्। नेपाल देशको इतिहास नाम दिइएको वंशावलीले नेमुनिले नेप गोपालका छोरा भुक्तमान गुप्तलाई धर्म शिक्षासमेत दिई राजा स्थापना गरे भनी लेखेको छ भने भाषावंशावलीले "शास्त्रका प्रमाणसित राज्याभिषेक दी आफूले ईश्वर ईश्वरीबाट दियाका नेपाल पालना गर्नू भन्न्या भारा सौँपी उपदेश दिया" भनेर वर्णन गरेको छ।[६२] नेपालको पहिलो वंशावली गोपालराजवंशावलीले नेप नाम गरेका गोपालले पशुपतिको मूर्ति प्राप्त गरेको र उनी देशका पहिला राजा भएको कुरा उल्लेख गरी नेमुनिको कुनै चर्चा नै गरेको छैन।[६३]

---

५८. टण्डन, टिप्पणी नं., ४८, पृ. २३६-२३८

५९. Kirkpatrick, f.n. 25, p. 255 (२१ परिशिष्ट); Hamilton, f.n. 26, p. 190 (२२ परिशिष्ट)

६०. Oldfield, f.n. 30, p. 257 (२३ परिशिष्ट); Wright, f.n. 20, p. 89 (२४ परिशिष्ट)

६१. Hasrat, f.n. 15, p. 33 (२५ परिशिष्ट)

६२. 'नेपाल देशको इतिहास', टिप्पणी नं. १२, पृष्ठ ७ (७ परिशिष्ट); पौडेल, टिप्पणी नं. १३, पृ.४२-४६ (१५ परिशिष्ट)

६३. Vajracarya and Malla, f.n.16, p. 73

अर्को वंशावलीले नेमुनि जीवनभर धर्मराजका वचनअनुसार पशुपतिनाथको पुजाहारी भई प्रजालाई पालना गरी परम आनन्दले रहँदा भए भनेर लेखेको छ ।[६४]

यति कुरावाट स्पष्ट हुन्छ कि नेमुनिले देशमाथि कहिल्यै पनि शासन गरेनन् न त नेपालको कुनै राजवंश नेमुनिका सन्तान हुन् । नेमुनिको सन्तान भएको कुरा कुनै पनि स्रोतले सङ्केतसम्म पनि गरेको छैन । यस अवस्थामा विदेशी लेखकहरूले नेपाली स्रोतको अर्थ राम्ररी नबुझी अपव्याख्या गरेको देखिन्छ । नेमुनिले दिएको उपदेशानुसार धर्मनीतिपूर्वक राज्य नचलाएकोले गोपालवंशको पतन भई महिषपालवंशको उदय भयो भनी एउटा वंशावलीले लेखेको छ । तर त्यही वंशावलीले गोपालवंशका अन्तिम राजाको कुनै सन्तान नभएकोले आफैँले अहीर गोपाललाई झिकाई राज्याभिषेक दिए भनेर पनि लेखेको छ ।[६५]

एक जना लेखकले गोपाल र महिषपाल दुवैको एउटै वंश थियो भनेर लेखेका छन् । उनको भनाइअनुसार पहिलोले गाई पाल्ने भएकोले गोपाल तथा दोस्रोले भैँसी पाल्ने भएकोले महिषपाल कहलाएको कुरा उल्लेख गरेका छन् ।[६६] वास्तवमा पछिका वंशावलीहरूमा धेरै कुरा थपघट भएको देखिन्छ । केही वंशावलीहरूले नेमुनिलाई विरूपाक्षको कथासँग पनि जोडेका छन् र उनलाई विरूपाक्षको उद्धारकर्ताको रूपमा प्रस्तुत गरेका छन् । तर प्रचलित कथाअनुसार विरूपाक्षले गल्तीवश मातृगमन गरेको कुरालाई वंशावलीले अतिरञ्जित रूपमा वर्णन गरी विरूपाक्षलाई "पाप चित्त भै मातृगमन सुरापान मांसाहारी अनाचारी वेश्यागमन आदि पापले जाति भ्रष्ट भयाका पापात्मा" भनी निन्दा गरेको छ । वास्तवमा नेमुनिसँग विरूपाक्षको कथा जोड्ने कार्य पछि मात्रै भएको प्रतीत हुन्छ ।

नेमुनिको अस्तित्वमाथि केही विद्वान्हरूले शङ्का व्यक्त गरेका छन् । वावुराम आचार्यले नेमुनिले पालन गरेको देश हुनाले नेपाल भन्ने नाम रहेको हो भन्ने कुराको खण्डन गरेका छन् र उनले पशुपतिपुराणको उदाहरण दिँदै कतै ने त कतै नेमे लेखेको कुरा उल्लेख गरेका छन् ।[६७] यस्तै धारणा कमलप्रकाश मल्लले पनि व्यक्त गर्दै विक्रमको सोह्रौँ शताब्दीमा मात्रै नेमुनिको

---

६४. टण्डन, टिप्पणी नं.३४, पृ. १३७ (९ परिशिष्ट)

६५. पौडेल, टिप्पणी नं.१३, पृ.४२-४६ (१५ परिशिष्ट)

६६. Sudarshan Raj Tiwari, **The Ancient Settlements of the Kathmandu Valley**, Kathmandu : Center for Nepal and Asian Studies, 2001, p. 27

६७. वावुराम आचार्य, 'नेपाल, नेवार र नेवारी भाषा', नेपाल सांस्कृतिक परिषद् पत्रिका, वर्ष १ अङ्क १, २००९, पृ.१

उल्लेख आएकोले[६८] उनको ऐतिहासिकता बारे प्रश्न उठाएका छन्। डिल्लीरमण रेग्मीले पनि नेमुनिलाई काल्पनिक ऋषिको सज्ञा दिँदै वंशावलीको काल्पनिक वर्णन बाहेक उनीबारे अरू केही प्रमाण नभएको कुरा उल्लेख गरेका छन्।[६९] क्रिस्टियन लासेन र सिल्वाँ लेभीले 'नीप' शब्दबाट नेपाल शब्द बनेको सम्भावना देखाएकामा[७०] ज्ञानमणि नेपालले त्यसमा बढी प्रमाण थपी विस्तृत रूपमा व्याख्या गरी नीपबाट नेपाल देशको नाम रहन गएको भनी लेखेकामा[७१] दिवाकर आचार्यले त्यसमा थप प्रमाण जुटाएका छन्।[७२] केही काल यतादेखि शिवराज शर्मा पौडेलले नेमुनिको जन्मस्थान तनहुँ हो भनी प्रचार गर्दै आएका छन् र यसको प्रमाणको रूपमा हिमवत्खण्डको पारस्य तनयो नीपः अर्थात् पारका छोरा नीप हुन् भन्ने प्रमाण पेश गर्ने गरेका छन्। जबसम्म नीप र नेमुनि एउटै व्यक्ति हुन् भन्ने कुरा सिद्ध हुँदैन, तबसम्म यो कुरा प्रमाणको कोटिमा चढ्न सक्दैन। पूर्वमध्यकाल सिद्धिने वेलादेखि नेमुनिको बारेमा लेखिन थालेको कुरा माथिका उद्धरणबाट स्पष्ट हुन्छ। यताबाट मध्यकालदेखिका सामग्रीमा नेमुनिबारे चर्चा परिचर्चा सुरु भएको देखिन आउँछ। नेमुनिलाई काठमाडौँउपत्यकाभित्रैका विभिन्न ठाउँसँग जोड्ने चलन भएको कुरा पनि माथिका कुरालाई स्पष्ट भएको छ। काठमाडौं उपत्यकाबाहिरको दुम्जामा कुशेश्वर महादेवको मन्दिरनगीचै यो नेमुनिको गुफा भनेर देखाउने चलन पनि छ। दुम्जामा नेमुनिको पहिलेको आश्रम भएको कुरा भाषावंशावलीमा पनि लेखिएको छ। नेमुनिबाट नेपाल नाम रह्यो भन्ने कुरा प्रामाणिक त देखिँदैन। तर विक्रमको सोह्रौं शताब्दीदेखिका स्रोतमा नेमुनिले पालना गरिएको देश हुनाले नेपाल भनी किन लेखियो भन्ने कुराको खोजी गर्न बाँकी नै छ। तनहुँसँग त नेमुनिको कुनै पनि सम्बन्ध यी सामग्रीबाट देखिन आउँदैन भन्ने कुरा पनि यहाँसम्मको अनुसन्धानबाट स्पष्ट भएको छ।

---

६८. Kamal P.Malla, "Nepal : Archaeology of the word", **Heritage Preservation : Tourism for Tomorrow**, Kathmandu. PATA Nepal Chapter and Nepal Heritage Society, 1983, p.64.

६९. D.R. Regmi, **Ancient Nepal**, Calcutta: Firma K.L. Mukhopadhyaya, 1969, p.18

७०. आचार्य, टिप्पणी नं. ६७, पृ. १

७१. नेपाल, टिप्पणी नं.४२, पृ.१७-१८

७२. दिवाकर आचार्य, **नीपजन र नेपाल : एउटा छोटो आद्य-इतिहास**, काठमाडौं : मार्टिन चौतारी : २०७४

सन्दर्भसामग्री

वंशावली

'नेपाल देशको इतिहास', **प्राचीन नेपाल**, सङ्ख्या १३ (२०२७) ।

पन्त, दिनेशराज, **संक्षिप्त वंशावली**, काठमाडौँ : खिलशर्म-राजीवलोचनजोशी-स्मारकप्रतिष्ठान, २०६५ ।

पौडेल, नयनाथ (सं.), **भाषावंशावली**, भाग १, काठमाडौँ : नेपाल राष्ट्रिय पुस्तकालय, २०२० ।

'राजभोगमालावंशावली', **प्राचीन नेपाल**, सङ्ख्या ७ (२०२६) ।

'वंशावली', **प्राचीन नेपाल**, सङ्ख्या ७ (२०२६) ।

शर्मा, वालचन्द्र (सं.), 'काठमाडौँ उपत्यकाको एक राजवंशावली', **प्राचीन नेपाल**, सङ्ख्या ४ (२०२५) ।

Bajracharya, Manik and Axel Michaels, **History of the Kings of Nepal : A Buddhist Chronicle**, Edition, Kathmandu : Himal Books for Social Science Baha, 2016.

Vajracarya, Dhanavajra and Kamal P. Malla, **The Gopalaraja Vamsavali**, Kathmandu : Nepal Research Center, 1985.

पुस्तक (अङ्ग्रेजी)

Diwasa, Tulasi and Nirmal Man Tuladhar, **Gopali Folklore and Folklife**, Kathmandu: Nepali Folklore Society, 2009.

Hamilton, Francis Buchanan, **An account of the Kingdom of Nepal**, New Delhi : Asian Educational Science, 1986(Reprint).

Hasrat, Bikrama Jit, **History of Nepal : As Told by Its Own and Contemporary Chronicles**, Punjab : V.V. Research Institute Book Agency, 1970.

Kirkpatrick, Colonel. **An Account of the Kingdom of Nepaul**, New Delhi : Asian Publication Services, 1975 (Reprint).

Oldfield, H. Ambrose. **Sketches from Nipal,** Vol. 1 Delhi : Cosmo Publications, 1974 (Reprint),

Regmi, D.R., **Ancient Nepal**, Calcutta : Firma K. L Mukhopadhyaya, 1969.

Regmi, D.R., **Inscriptions of Ancient Nepal,** 3 Vols., New Delhi : Abhinav Publications, 1983.

Shah, Risikesh, **Ancient and Medieval Nepal**, Kathmandu : Ratna Pustak Bhandar, 1992.

Tiwari, Sudarshan Raj, **The Ancient Settlements of the Kathmandu Valley**, Kathmandu : Center for Nepal and Asian Studies, 2001.

Wright, Daniel, **History of Nepal : Translated from the Parbatiya,** Kathmandu : Nepal Antiquated Book Publishers, 1972 (Reprint).

लेख (अङ्ग्रेजी)

Di Castro, Angelo Andrea and Reccardo Garbini, "An Inscribed Statue of year 207 from Maligaon, Kathmandu", **East and west**, Vol. 46, Nos. 3-4 (1996).

Malla, Kamal P., "Nepal : Archaeology of the Word", **Heritage Preservation : Tourism for Tomorrow,** Kathmandu : PATA Nepal Chapter and Nepal Heritage Society, 1983.

Malla, Kamal P., "River-Names of the Nepal Valley : A Study in Cultural Annexation", **Contributions to Nepalese Studies**, Vol.10, Nos. 1-2(1982-83).

पुस्तक (नेपाली)

आचार्य दिवाकर : **नीपजन र नेपाल : एउटा छोटो आद्य-इतिहास**, काठमाडौँ : मार्टिन चौतारी, २०७४ ।

आचार्य वावुराम : **श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी**, भाग १, काठमाडौँ : प्रेस सचिवालय, राजदरवार, २०२४ ।

खनाल, मुक्तिनाथ (सं.), **नेपाल माहात्म्य**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०२८ ।

टण्डन, गोविन्द, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन** (एक भाग), काठमाडौँ : झरेन्द्र शम्शेर ज.ब.रा. तथा मञ्जु राणा, २०५३ ।

टण्डन, गोविन्द, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन** (दुई भाग), काठमाडौँ : झरेन्द्र शमशेर ज.व.रा. तथा मञ्जु राणा, २०५६ ।

दाहाल, पेशल र सोमप्रसाद खतिवडा, **पुरातत्त्व परिचय**, काठमाडौँ : एम.के.पब्लिसर्स, २०६० ।

नाथ, नरहरि (सं.), **श्रीमत्पशुपतिपुराणम् पूर्वार्धम् नेपाली हिन्दी भाषा सहित**, काठमाडौँ : भीमप्रसाद उपाध्याय, २०११ ।

नाथ, नरहरि, र अरू (सं.), **हिमवत्खण्डः (स्कन्दपुराणमध्ये)**, काशी : योगप्रचारिणी, २०१३ ।

नेपाल, ज्ञानमणि, **नेपालनिरुक्त**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान,२०४० ।

पाण्डे, रामनिवास र दिनेशचन्द्र रेग्मी, **नेपालको पौराणिक इतिहास**, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५४ ।

पाण्डे, रामनिवास र दिनेशचन्द्र रेग्मी, **नेपालको प्राग् इतिहास**, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०६२ ।

भट्टराई, वदरीनाथ, **पौराणिक कहानी**, ललितपुर : साझा प्रकाशन, २०४५(पुनर्मुद्रण) ।

भण्डारी, ढुण्डिराज, **नेपालको ऐतिहासिक विवेचना**, वाराणसी : कृष्णकुमारी, २०२५ (द्वितीय संस्करण) ।
मिश्र, डिल्लीराम, **नेपाल अधिराज्यमा तनहुँ**, काठमाडौँ : शर्मिला मिश्र, २०५७ ।
राजवंशी, श्यामसुन्दर, **लिच्छविकालीन संवत्को निश्चय**, काठमाडौँ : गिरिन्द्रमान राजवंशी, २०५२ ।
रिसाल, मधुसूदन 'प्रदीप' (अनु.), **पशुपति-पुराण**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०२९ ।
रेग्मी, जगदीशचन्द्र, **लिच्छवि-इतिहास**, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र २०५३ ।
रेग्मी, दिनेशचन्द्र, **पुरालेखन र अभिलेख**, काठमाडौँ : हिमालय बुक स्टल, २०६० ।
वज्राचार्य, धनवज्र, **लिच्छविकालका अभिलेख**, काठमाडौँ : नेपाल र एशियाली अध्ययन संस्थान, २०३० ।
वज्राचार्य धनवज्र र अरू, **इतिहास-संशोधनको प्रमाण प्रमेय**, ललितपुर : जगदम्वा प्रकाशन, २०१९ ।
वज्राचार्य, धनवज्र र ज्ञानमणि नेपाल (सं.), **जयरत्नाकर नाटक**, काठमाडौँ : नेपाल सांस्कृतिक परिषद्, २०१४ ।
सिजापति, ललितजङ्ग, **नेपाली ऐतिहासिक कथा सङ्ग्रह**, काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति, २००५ ।

लेख (नेपाली)

आचार्य, वावुराम, 'नेपाल, नेवार र नेवारी भाषा', **नेपाल सांस्कृतिक परिषद् पत्रिका**, वर्ष १ अङ्क १ (२००९) ।
पन्त, महेशराज, 'चाडवाड जात्रामात्रामा खेलाइएका, नेपालमा बनाइएका केही संस्कृत नाटक', **पूर्णिमा**, पूर्णाङ्क ३६ (२०३४) ।
राजवंशी, श्यामसुन्दर, 'पशुपति प्राङ्गणमा प्राप्त अप्रकाशित लिच्छवि अभिलेख', **प्राचीन नेपाल**, सङ्ख्या ११५ (२०४६) ।
शर्मा पौडेल, शिवराज, ''ने' मुनिको जन्म तनहूँमा भएको तथ्य', **जनमञ्च**, २४ साउन, ३१ साउन, ६ भदौ, २०७२ ।
शर्मा पौडेल, शिवराज, 'ने-मुनि पछ्याउँदै', **अन्नपूर्ण पोस्ट्**, १४ कात्तिक, २०७२ ।

विद्यावारिधि शोधपत्र

Shrestha, Bal Gopal, 'The Ritual Composition of Sankhu', Ph.D. Dissertation submitted to Leiden University (Netherlands), 2002.

परिशिष्ट- १

चतुरङ्कमहाभारतनाटक

पूर्व्वं यन्मुनिना सुपालितमही नेनामध्येयेन सा
नेपालेति च संज्ञिता मुनिजनैस्तत्रापि रम्या पुरी ।
नाम्नेयं ललितापुरी द्विजवरैः पात्रोत्तमैः पालिता
तस्यां श्रीमणिनागराज इति यः सोयं मुने राजते ॥

...श्रीश्रीजययक्षमल्लदेवभूपालेश्वरस्य हृदयानन्दकारिणः श्रीश्रीजयरायमल्लदेवस्य कनकतुलापुरुषमहादानप्रसंङ्गे तस्य राज्ञः परिषद्सु श्रीदक्षिणविहारमहामहमहापात्रश्रीमदुदयसिंहमल्लवर्मना श्रीजयज्ञानसिंहमल्लवर्म्मना श्रीजयधर्मसिंहमल्लवर्म्मना च पात्रत्रितयेन स्वस्थानभग्नभूपालस्थापनाचार्येन मामेव बहुमानमाहूय नानादिग्देशागतेन राजसमूहेन सार्द्धमहमुक्तो यथा चतुरङ्कमहाभारटं नाम नाटकं त्वया नाटयितव्यमिति ॥

(वी.पु. पहिलो ४४९ सङ्ख्या र के.पु. २७ सङ्ख्याको चतुरङ्कमहाभारतनाटक)

[हे मुनि उहिले नेमुनिले पालना गरिएको देश हुनाले नेपाल भनी मुनिहरूले नाउँ राखिएको यस देशमा राम्रो ललितपुर भन्ने शहर छ। तागाधारी महापात्रहरू त्यसको पालना गर्नुहुन्छ। त्यहाँ मणिनागराज हुनुहुन्छ।

राजाहरूमा श्रेष्ठ श्रीश्रीजययक्ष मल्लदेवको मनलाई आनन्द दिने (छोरा) श्रीश्रीजयराय मल्लदेवको सुवर्णतुलामहादानको प्रसङ्गमा उहाँ राजाको भारादारीसभामा श्रीदक्षिणविहारका प्रधान महापात्र राज्य खोसिएका राजाको राज्य थामिदिन सक्ने तीन जना पात्र श्रीउदयसिंह मल्ल वर्मा, श्रीजयज्ञानसिंह मल्ल वर्मा, श्रीजयधर्मसिंह मल्ल वर्माले ठाउँठाउँबाट आएका राजारजौटाहरूसहित भई मलाई नै मान गरीकन वोलाएर चतुरङ्कमहाभारत नाम भएको नाटक तिमीले नचाउनू भनी भन्नुभयो ।]

(धनवज्र वज्राचार्य र अरू, **इतिहास-संशोधनको प्रमाणप्रमेय**, ललितपुर : जगदम्बाप्रकाशन, २०१९), पृ. ५-६,
महेशराज पन्त, 'चाडवाड जात्रामात्रामा खेलाइएका, नेपालमा बनाइएका केही संस्कृत नाटक', **पूर्णिमा**, पूर्णाङ्क ३६, २०३४), पृ. ३०१-३०३

परिशिष्ट- २

जगज्जय मल्लको ताम्रपत्र

श्रीगणेश श्रीआदिपसूपती आर्ज्यादेवी वाग्मती वीश्वेश्वर चंदेश्वर भुवनेश्वर कीरातेश्वर ज्ञानेश्वर संखनीह्मनारान सूर्यनारां कीलेश्वर थ्वति दको देओया नीत्यपूजाओ लींगजात्रा तीर्थजात्रा कुंडजात्रा याइववनी तीर्थगुरु नेमुनी जुयगुओ पशुपतीस मास उपवास चोङ्यात परिलंखु विइगु सखिद्वलस शाम्वया न्हापा दा बिर्ता बु रो ५३

(जगज्जय मल्लको वि.सं.१७८५ को ताम्रपत्र)

[श्रीगणेश श्रीआदिपशुपति आर्यादेवी वाग्वती विश्वेश्वर चण्डेश्वर भुवनेश्वर किरातेश्वर ज्ञानेश्वर शङ्खनिह्मनारायण सूर्यनारायण कीलेश्वर यति भए जति देवताको नित्यपूजा र लिङ्गयात्रा तीर्थयात्रा कुण्डयात्रा गर्ने तीर्थगुरु नेमुनिको र पशुपतिमा मास उपवास बस्नेलाई परिलंखु दिने सखिडोलको शाम्वको पहिलेको दत्त बिर्ता खेत ५३ रोपनी]

(गोविन्द टण्डन, **पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन** २ भाग, काठमाडौँ : झरेन्द्रशमशेर ज.व.रा. तथा मन्जु राणा, २०५६), पृ. २३६ र २३८

परिशिष्ट-३

जयरत्नाकरनाटक

वाग्मतीपवनशीतशीतलं नेमुनेः स्वतपसोपपादितम् ।
पुण्यभोगनिलयं मनोहरं तं समीक्ष्य वशमेति को न वै ॥२९॥

(धनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल (सं.), **जयरत्नाकरनाटक** ६ कल्लोल, २०१४) पृ. १०९

[वाग्वतीको चीसो हावाले शीतल भएको, नेमुनिले आफ्नो तपस्याले वनाएको, पुण्यको भोग गर्ने ठाउँ भएको मनोहर त्यस शहरलाई देखेर को वश नपर्ला ?]

(उही) पृ. २०७

परिशिष्ट- ४

काठमाडौं उपत्यकाको एक राजवंशावली

फेरि धेरै दिनपछि विरूपाक्ष नाम गरेका पापात्मा ब्राह्मण यतिले गुरु नेमुनि पायी नियम गरी सबै तीर्थयात्रा लिङ्गयात्रा गरी श्रीमृगरूप पशुपति पुग्दा सिद्ध भै उद्धार भैगया. यिनको सिद्ध भयाको मूर्ति मृगेश्वरका बायांतिर दक्षिण मोहडा गरियाको अद्यापि छंदैछ भनी यति कुरा धर्मदत्त राजाले सुनी धन्य पशुपति भनी केही दिन गयापछि उनका पुत्र परिवार धेरै भैगया.

(बालचन्द्र शर्मा (सं.), **प्राचीन नेपाल**, सङ्ख्या ४, २०२५), पृ. ४

परिशिष्ट- ५

वंशावली

माधव आयाको षबर सुनी दोलागिरि रीष्याश्रमका वागीश्वर आदि स्थानका वेदवेदांग जान्या ति मुनि ब्राह्मणहरू पशुपतिका स्थानमा श्रीकृष्णको दर्शन गर्नको वान्छाले आया॥ ति मुनि ब्राह्मणकन देषि श्रीकृष्णबाट बारंबार नजर गरि अनेक दानादी गर्दा भया। ती मुनिहरूमध्ये बडो तेजस्वी तपी भयाका नेमुनिले दाहिना हात उठाई शास्त्रका शार वचन बोल्दा भया॥ धन्न्य महाभाग्य ! हामिहरूको तप गऱ्याको फल आज पुग्यो॥ यकै स्थानमा हरि हर प्रभुको दर्शन पाई हामिहरू धन्य रह्याछौं भनि कृतार्थ चर्मचक्षुका हामिहरूले साक्षात् हरि हर प्रभु पुराण पुरुष दुवैकन जुन हरि सो हर जो हर सो हरि हुन्॥ जसले एस्ता तरहसँग दर्शन पाउला वैष्णव सैव दुवैकन हरि हरको जो भेदभाव गर्दछन् ति अधम पाषंडि वेददेखि बाहिरका हुन्॥ जस्तै गंगा र गौरिका भेद छैन, तस्तै शंकर र श्रीकृष्णको भेद छैन॥ यस्ता तरहसंग जौन दर्शन पाउँछ सो धन्न्य भन्नु कृतार्थ पनि होइजान्छ यसमा शंशय छैन।

यति नेमुनिका वचन सुनी श्रीपशुपतिनाथ प्रकट भै हरि हर दुवै विराजमान हुंदा भया। श्रीपशुपतिनाथ श्रीकृष्णका मुषकन देषि प्रसन्न भई आज्ञा गर्दा भया– मुनिगणमा श्रेष्ठमा श्रेष्ठ भयाका इनै मित्रदेषि प्रसन्न भया॥ यस श्लेष्मान्तकवनमा मृगरूपले विहार गर्दा जहां जहां म फिर्दछु जलपान गर्दछु सुतदछु बसदछु तहां तहां तिर्थ हो भनी जान॥ हे ब्राह्मणमा मुख्य भयका श्लेष्मान्तकवनमा वासुकीले पूर्वकालमा तप गर्दा वासुकी क्षेत्र भनि मेरा क्षेत्रको नाम रहन गयाको हो। तैंले यस क्षेत्रको मेरा आज्ञा सुनि पालन गर्नु भनी आज्ञा प्रसन्न हुंदा भया॥ नेमुनि प्रभृति बाह्मणहरूले नेपाल क्षेत्र भनि इश्वरका आज्ञा पाई पुण्यादि कर्म धर्मशास्त्र आदि प्रमाणले गरि पालना गर्नको उद्योग मनमानले गरि पालना गर्नुको उद्योग मनमा लिंदा भया। हेमवत् पर्वतका कुक्षामा रह्याको भूमिकन नेपाल भन्न्या नाम प्रष्यात हुन गयो॥

(प्राचीन नेपाल, सङ्ख्या ७, २०२६), पृ.१३

परिशिष्ट- ६

राजभोगमालावंशावली

उप्रान्त अघिका देवताहरू मृत्तिकाले पूर्ण भै छोपिन गयाको थियो। केहि कालपछि मालागात नाम गोग्रामबाट नेप नाम गोपालको बहुदा नाम कपिला गाई वाग्मति तिरमा प्रतिदिन जाई उसिरपुंज मृत्तिका माथि क्षीर धारा वहाई चढाउन जान्थिन्। एक दिन गाई षोजन जाँदा नेप गोपालले देषि क्या कारणले यो स्थानमा दुद चढाउछिन्, केहि कारण निश्चय होला भनि तेस स्थानमा षनि हेर्दा ८४३ वर्ष द्वापर युगका शेष बाकी छंदा श्रीमत्पशुपतिभट्टारक शिव प्रकाश हुंदा भया। पूर्वकालमा नेमुनिलाई नेपालकन पालना गर्नु भन्या वाणि श्रीज्योतिरूपेश्वरवाट श्रीवज्राष्यादेवीबाट आज्ञा प्रसन्न भयाको केही प्रमाण –

त्वं सिद्धो भव भक्तज्ञ अनेन तनुनाशनात्।
अद्यादिक्षयपर्यन्तं ततो मयि प्रलीयसे॥
त्वं च पालय हे वत्स इमं स्थानं निरन्तरम्।
वरं पशुपतेः क्षेत्रं धर्मेण धर्मरक्षितम्॥
ततो लोका वदिष्यन्ति तेभिधानेन सन्ततम्॥

श्रीवज्रयोगिनीबाट नेमुनीकन वर प्रसन्न भयाको हे पुत्र सिद्ध भयौ। संसारमध्ये उत्तम मेरो भक्त हो, अनेक रूप आसनादिले गरी आद्यादिक्षयपर्यन्त बसि अंतमा मविषे लीन हौला। हे पुत्र क्षेत्रहरूमध्ये वर भयाका पशुपतिक्षेत्रमा निरंतर रहि धर्मले धर्मरक्षा गर। तम्रा नामले गरि नेपाल भनि संसारमा प्रष्यात हुन्याछ।

(प्राचीन नेपाल, सङ्ख्या ७, २०२६), पृ.२२

परिशिष्ट- ७

नेपाल देशको इतिहास

नेमुनिलाई अघि वज्रजोगिनीको आराधना गर्दा तिमीले यस देशको पालना गर्नु, पछि यो क्षेत्र वाग्मतीको जलले पूर्ण भै ह्रद हुनेछ, तिमी धेरै कालसम्म सिद्ध भएर रही अन्त्यमा मेरो सायुज्य पाउनेछौ भन्ने वरदान भएको थियो। त्यसपछि उनी धर्मराजकहाँ गई धर्मशिक्षा पाएर यहाँका प्राणीलाई नाना प्रकारका व्रत तपस्याहरूका मार्गको प्रकाश गरी यस पाशुपत क्षेत्रको रक्षा गरी पशुपतिको सेवा नित्य पूजा गरेर रहन लागे। ...

यसै बीचमा यहाँ जल सुकाएको भएपनि गहिरो भागमा जल केही बाँकी रहँदा बीचबीचमा भास भई बस्ती बस्न लायक नभईसकेको हुनाले दक्षिण पश्चिमपट्टि केही उचो भागमा गोशाला बनाई गाईहरू पालेर केही गोपजाति बसेका थिए। तिनमा नेप नामका गोपालकी कपिला गाई केही दिनसम्म दिनदिनै भरदिन वेपत्ता भई राती आफ्नो गौशालामा फर्कंदा कल्चौडो रित्तो पारेर आउथिन्। कल्चौडो रित्तो हुनाको कारण के रहेछ बुझ्नुपर्‍यो भनी ती गोपाल गुप्त रूपले गाइका पछि लागे। कृष्ण आएका वखतमा पशुपतिले प्रत्यक्ष दर्शन दिएको ठाउँमा अघिदेखि जल भरिंदा माटो जमी ढिस्को जस्तो भइरहेको थियो। ती गाई त्यहीं पुगी त्यस ढिस्कामाथि चारै थुनवाट दुग्ध धारा चढाई फर्किन्। त्यस्तो व्यवस्था देखी ती गोपालले आश्चर्य मानी यहाँ के रहेछ भनी खनेर हेर्दा पशुपतिनाथका पञ्चमूर्ति लिंगको दर्शन पाए। त्यस दर्शनका प्रभावले ती गोपाल तत्क्षणमा मुक्त भए। त्यो कुरा नेमुनिले थाहा पाई अहो यी गोपाल बडा भाग्यवान रहेछन्, जलमय भएदेखि गुप्त भई हामीले दर्शन नपाएको पशुपतिको लिंगाकार मूर्ति यिनका हातबाट प्रकाश भयो, यी बडा पुण्यात्मा रहेछन् र यिनको कैलाशवास पनि भयो। यिनका उपर पशुपतिको पुरा करुणा रहेछ। अब यिनैका सन्तानलाई राजा तुल्याए पशुपति खुशी हुनेछन् भन्ने विचार गरी यिनै नेप गोपालका छोरा भुक्तमान गुप्तलाई अभिषेक दिए। नेमुनिले उनलाई धर्मशिक्षा समेत दिई फेरि राजा स्थापना गरे। ... नेमुनिले नेपालमा स्थापना गरेका राजा भुक्तमान गुप्तले नेमुनिले उपदेश गरेका नीति धर्मअनुसार राज्य गरे ... अघि नेमुनिवाट पाएका उपदेशानुसार धर्मनीतिपूर्वक राज्य चलाई आएका आफ्ना पुर्खा हरूको धर्म छोडी यी यक्षगुप्त बौद्ध मार्गमा लागेका हुनाले आफ्नो

सन्तान नहुंदा राज्य छुटन लागेको विचार गरी मध्य देशका महिषपाल अहिर गोपाललाई झिकाई राज्याभिषेक दिए। आफू साह्रै दिक्क हुंदा वैराग्य लिई आर्यघाटमा बसी प्राणत्याग गरे । ... नेमुनिले स्थापना गरेका राजाका ८ पुस्ताले जम्मा ४०७ वर्ष भोग गरे। ... यी तीन पुस्ताले यक्षगुप्तका उपदेशमाफिक राज्य गरेका थिए। परन्तु नेमुनिको उपदेशबमोजिम धर्ममार्गको रीत चलाउन सकेका थिएनन्।

(**प्राचीन नेपाल**, सङ्ख्या १३, २०२७), पृ. ६-७

परिशिष्ट- ८

संक्षिप्त वंशावली

त्राहादेखी नेमुनी ऋषि आइ अनेग क्रमले बुझाइ कलियुगमा अरू राजा हुन्याछैन भनी ब्राह्मणका ग्वालकन राजा तुल्याया. ग्वालका सन्तानले राज्य गर्‍याको राजाहरूको नाम भुक्तमाग वर्ष ८८. ई राजाका पालामा श्रीपशुपतीनाथ प्रकाश भै श्लेस्मान्तवनमा विराजमान भैरह्या. नीत्य जाइ किरात रूप भै बस्न लाग्या.

(दिनेशराज पन्त, **संक्षिप्त वंशावली**, काठमाडौँ : खिलशर्म-राजीवलोचनजोशी-स्मारकप्रतिष्ठान, २०६५), पृ. १४

परिशिष्ट- ९

भाषावंशावली

अघि कोइ कालमा मरीचीका पुत्र नेमुनी पनि योगेश्वरीको महिमा सुनी मणिचूड पवर्तमा गई १२ वर्षसम्म सारै कष्टमा रही तप गर्दा श्रीवज्रयोगिनी प्रादुरभाव भई हे नेमुनी तिम्रा तपस्याले म प्रसन्न भएँ अब तिमी सिद्ध भयौ तिम्रो कीर्ति प्रलयकालसम्म रहनेछ तिम्रै नामले यस देशको नाम पनि नेपाल रहनेछ भुक्तिमुक्तिदायी यो देस हो भन्ने बुझेर श्रीपशुपतिनाथको पूजाहारी भै वस भन्ने आज्ञा हुँदा अव एस देसको पालन कस्ता तरहले गरुँ भनी धर्मराजसँग सोध्न गये. धर्मराजबाट पनि हे मुनी सम्पूर्णको कल्याण हुने स्थिति गर्दा पहिले सत्य शौचमा रहनु अनी क्रमैले काम क्रोध लोभ मोह मद मात्सर्य छुटाउनु वेदोक्त नियम्ममा रहनु दया गर्नु इन्द्रीयलाई जित्नु राजाका अदबम्मा बस्नु यो मैले गरेको काम न्याय अन्याय के भयो भनी विचार गर्नु यस्ता रीतले जो रहला त्यस्तालाई कहील्यै भय होओइन त्यसको स्वयं रक्षा गरुँला भन्ने कुरा सुनी नेमुनी पनि आफ्ना आश्रममा आई पशुपतिनाथको पुजाहारी भई धर्मराजका वचनअनुसार प्रजालाई पालना गरी परम आनन्दले रहँदा भये.

(यज्ञप्रसाद रूपाखेतीले सारेर राखेको भाषावंशावली, गोविन्द टण्डन, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन** १ भाग, काठमाडौं : झरेन्द्रशमशेर ज.ब.रा. तथा मञ्जु राणा, २०५३), पृ. १३७

परिशिष्ट- १०

भाषावंशावली

माधव आयाको खबर सुनी दोलगिरि ऋष्याश्रमका वागीश्वर आदि स्थानका वेदवेदांग जान्न्या ती मुनि ब्राह्मणहरू श्रीपशुपतिका स्थानमा श्रीकृष्णको दर्शन गर्नाको वाञ्छाले आया । ती ब्राह्मणहरूकन देखी श्रीकृष्ण बारंबार नजर गरी अनेक दान आदि गर्दा भया । ती मुनिहरूमध्ये बडो तेजस्वी तपी भयाका नेमुनिले दाहिना हात उठाई शास्त्रका सार वचन बोल्दा भया । धन्य महाभाग हामीहरूको तप गऱ्याको फल आज पुग्यो । एकै स्थानमा हरि हर प्रभुको दर्शन पाइयो । हामीहरू धन्य रह्याछौं भनी कृतार्थ भै चर्मचक्षु भयाका हामीहरूले साक्षात् हरि हर प्रभु पुराण पुरुष दुवैकन जान्यौँ, जुन हरि सो हर जो हर सो हरि हुन्, यसले यस्ता तरहसँग दर्शन पाउला वैष्णव शैव दुवैकन हरि हरको जो भेदभाव गर्दछन्, ती अधम पाखण्डी वेददेखि वाहिरका हुन्, जस्तै गंगा र गौरीको भेद छैन, त्यस्तै शंकर र श्रीकृष्णको भेद छैन, यस्ता तरहसँग जो दर्शन पाउँछ सो धन्य भन्नु कृतार्थ पनि होइजान्छ, यसमा सन्देह छैन । यति नेमुनिका वचन सुनी श्रीपशुपतिनाथ प्रकट भै हरि हर दुवै विराजमान हुँदा भया । श्रीपशुपतिनाथ श्रीकृष्णका मुखकन मुनिगणमा श्रेष्ठमा श्रेष्ठ भयाका नेमुनिकन देखी प्रसन्न भै आज्ञा गर्दा भया । यस श्लेष्मान्तकवनमा मृगहरूले विहार गर्दा जहाँ जहाँ म फिर्दछु, जलपान गर्दछु, सुत्छु, बस्दछु, त्यहाँ त्यहाँ तीर्थ हो भनी जान । हे ब्राह्मणमा मुख्य भयाका श्लेष्मान्तकवनमा वासुकीले पूर्वकालमा तप गर्दा वासुकीक्षेत्र भनी मेरा क्षेत्रको नाम रहन गयाको हो, तैंले यस क्षेत्रको मेरा आज्ञा भनी पालना गर्नू भनी आज्ञा प्रसन्न हुँदा भया । ती नेमुनि प्रभृति ब्राह्मणहरूले नेपालक्षेत्र भनी ईश्वरका आज्ञा पाई पूजापाठ धर्मकर्म शास्त्र आदि प्रमाणले गरी नेपाल पालना गर्नाको उद्योग मनमा लिंदा भया । हिमवत्पर्वतका कुक्षिमा रह्याको भूमिकन नेपाल भंन्या नाम प्रख्यात हुन गयो ।

(नयनाथ पौडेल, **भाषावंशावली** १ भाग, ललितपुर : श्री ५ को सरकार पुरातत्त्व विभाग नेपाल राष्ट्रिय पुस्तकालय, २०२०), पृ. २४-२५

परिशिष्ट- ११

भाषावंशावली

कलि लाग्यापछि वज्रपात भै पारसमणि योगले अद्यापि प्रकाण्ड वनका सन्धि पश्चिमपट्टि शिवलिङ्ग प्रख्यात भै रह्याका छन्। केही कालपछि अन्तर्वेदि नगरका श्रोत्रिय कुलका ब्राह्मण धर्मशर्माका पुत्र भै जन्म लियाका पूर्वजन्मका विपाकले पापचित्त भै मातृगमन सुरापान मांसाहारी अनाचारी वेश्यागमन आदि पापले जातिभ्रष्ट भयाका ब्राह्मण भै वेदशास्त्र नपढी पापात्मा भै व्रणकुष्ट प्रभृति नाना रोगले पीडित भै अत्यन्त विरूप भयाका पुत्र विरूपाक्ष स्वदेशदेखि परिवार छाडी भ्रमण भै पृथ्वी भ्रमण गरी जाँदा जाँदै कौशिकीका निकटमा पुगी शरीरका रोगले पीडित भै स्नान गरी पीडाका वेदनाले ईश्वरका नाम पुकारी हा कष्ट भनी रहँदा नेमुनिले देखी करुणा दृष्टि गरी को हौ ? कहाँबाट आयाका हौ ? यस्ता निर्जनस्थान सिंह शार्दूलका भय भयाका स्थानमा त्यस्ता रोगी कस्ता तरहसँग यहाँ आयौ ? भन्दा विरूपाक्षले आफ्ना वृत्तान्त सब बिन्ति गरी सुनाई मुनीश्वरका शरणमा पऱ्या र विरूपाक्षका भक्तिले प्रसन्न भै बहुत कृपा गरी आज्ञा गर्दछन्।

ईश्वरका अनुग्रहले मेरो नामले गरी नेपाल भूमि नाम भयाका यस मेरा क्षेत्रमा साढे तीन कोटि तीर्थले युक्त भयाका फेरि चतुषष्टिलिङ्ग विराजमान छन्, देव गन्धर्वले पूजा गरिराख्याका छन्, अब तिमीले जहाँ जहाँ तीर्थ छन्, त्यहाँ त्यहाँ स्नान गरी शिवलिङ्गकन पूजा भक्ति गर, त्यहाँपछि पापमुक्त भै पुरुषमध्ये उत्तम हौला भनी भन्दा तिम्रा उपदेशमाफिक त म गर्दछु, अघिअघिको उद्धार भै गया फेरि स्नान गऱ्याका फल प्राप्त होला, शिवपूजा गरी क्या फल होला, कुन प्रकारले स्नान पूजा गर्नु यो बिन्ति सब आज्ञा प्रसन्न हुनुपर्दछ भनी बिन्ति गर्दा मुनि आज्ञा गर्दछन्। एकचित्त गरी तीर्थमा गंगाभावले स्नान गर्नू भनी अघिअघि उद्धार भैगयाका पापात्माहरूको कथा सुनाई तीर्थाटनमा निश्चय गराई तीर्थ लिङ्ग कुण्ड यात्राका आरम्भ गराया। प्रतितीर्थ देवताका माहात्म्य सुनाई वाग्मतीका तीर्थ ८९ शिवलिङ्ग ६४ आदि उपलिङ्ग उपतीर्थहरूका मेला भरी क्रमैसित यात्रा गरी आउँदा आउँदा महापातकहरूले ग्रस्त भै महारोगहरूले पीडित भयाका विरूपाक्षले सिद्धदेखि यस्तो उपदेश पाई तीर्थ यात्रा गरी पाप ताप घट्दै गयाको थियो। केवल पाप मुक्त भैसकियाको थिएन। नेमुनिकन खुशी गराई उपदेश पाई

मणिचूड पर्वतमा जाई ईश्वरीकन स्तोत्र पूजा भक्तिभावना गर्दा देवी प्रत्यक्ष भै वर प्रसन्न भया। हे पुत्र विरूपाक्ष तिम्रा पूजाले म संतुष्ट भयाँ, अब तिम्रा पाप सब नष्ट भयो, फेरि तिमीलाई वर पनि दिन्छु सुन भनी सम्पूर्ण पाप नष्ट भै देहस्थैमा मुक्त भये, चिरन्जीवि भै शव भै रह भनी वरदान दी अन्त्यर्ध्यान हुँदि भइन्।

(नयनाथ पौडेल, **भाषावंशावली** १ भाग, ललितपुर : श्री ५ को सरकार पुरातत्त्व विभाग नेपाल राष्ट्रिय पुस्तकालय, २०२०), पृ. २९-३०

परिशिष्ट- १२

भाषावंशावली

नेमुनि पनि अरू मुनिहरूले सहित गरी मणिचूडमा जाई बस्या। यिनै मरीचिका पुत्र मुनिले पूर्वकालमा १२ वर्षसम्म शैलकोट पर्वतमा रही तप गर्दा श्रीवज्रयोगिनी प्रसन्न भै तेरा तपले म सन्तुष्ट भयाँ, सब जोगीहरूभन्दा पनि सिद्ध भयौ, ऐलेदेखि क्षयपर्यन्त तिम्रा नामले गरी नेपाल भनी प्रख्यात भै संसारमा सिद्ध भै रही अन्तमा मविषे लिन हौला, हे पुत्र यो नेपालकन त्रैलोक्यमा गरिष्ठ भयाको भुक्तिमुक्तिदायक क्षेत्रमा श्रीपशुपतिकन अर्चन गरिरहनू, केही कालान्तरमा त्यस क्षेत्र ह्रद भै रहला। यति ईश्वरीबाट नेमुनिले नेपालकन धर्मले पालना गर्नू भंन्या वर पायाउप्रान्त विना नीतिमार्गले गरी मनुष्यलोककन स्थिति हुँदैन भनी मनमा विचार गरी न्यायको रीत धर्मराजसँग सोधनी गर्न जानुपऱ्यो भनी जाई विन्ति गर्दा भया। हे प्रभु धर्मराज कलि प्राप्त हुँदा सूक्ष्म मति भयाका मनुष्यहरूकन उपकारनिमित्त भूमि गौ दास पशु व्रीहिधान आदि गृहादिको सुस्थिर वृद्धिताकन विना न्यायका विचारले केही कुराको पनि कदाचित् वृद्धि हुँदैन कस्ता तरहसँग राज्यपालना गर्न्या हो भनी विन्ति गर्दा यमराज आज्ञा गर्दछन्। तिमीले ठूलो कुरा प्रसन्न गर्न आयौ, सत्यले गरी म कहन्छु, सुन, गुरुदेखि मन्त्रयुक्त गराउनू, सुची शौच व्रत सत्यवाचामा राख्नू र धर्मअधर्मको विचार गर्दै रहनू, स्वामीका अधीनमा राख्नू, त्यसकन कदाचित् भय प्राप्त हुँदैन, त्यस्ताका शरीरमा म आफैँ जाई धर्म चेष्टा गराउँला, यस्ता रीतले मन शुद्ध भयाका मानिसकन सुस्थिरगति इहत्र परत्रमा भुक्ति मुक्ति पाउन जाला, अन्यथा नास्ति स्थिति हुँदैन भन्न्या आदि नीति गति धर्मराजदेखि सुनी आफ्ना आश्रममा जाई यमराजका वाचाअनुसार शास्त्रका प्रबन्धले गरी पशुपति क्षेत्रकन धर्मले पालना गरी लोककन वोध दी नियम गराई व्रतादि उपवास गराइरहच्या। नेमुनिले पालना गर्दा नेपाल भनी प्रख्यात भैगयो। तसर्थ विना नेमुनिका कृपा नभै ज्योतीईश्वरका दर्शन पाउनु कष्ट छ। नेपालका गुरु नेमुनि हुन्। यिनका पहिलेको आश्रम दुम्जामा हो।

(नयनाथ पौडेल, **भाषावंशावली** १ भाग, ललितपुर : श्री ५ को सरकार पुरातत्त्व विभाग नेपाल राष्ट्रिय पुस्तकालय, २०२०), पृ. ३०-३१

परिशिष्ट- १३

भाषावंशावली

द्वापरयुगका शेष एक हजार १००० वर्षपछि श्रीपशुपतिनाथ प्रकाश भया । नेमुनिले अघि नेपालकन पालना गर्नु भन्न्या ईश्वरीका वाणी भयाका हुनाले नेमुनिका नामले गरी नेपाल नाम हुन गयो ।

कृते सत्यवति यत्र त्रेतायां तु तपोवनम् ।
द्वापरे मुक्तिसोपानं कलौ नेपालिकापुरी ॥

सत्ययुगमा सत्यवतीपुरी त्रेतामा तपोवन भै रह्या । द्वापरमा मुक्तिसोपान भै गया । कलिमा नेपालपुरी भनी नाम प्रख्यात भै गया ।

(नयनाथ पौडेल, **भाषावंशावली** १ भाग, ललितपुर : श्री ५ को सरकार पुरातत्त्व विभाग नेपाल राष्ट्रिय पुस्तकालय, २०२०), पृ. ४०-४१

परिशिष्ट- १४

भाषावंशावली

एकदिन गाइ खोज्न जाँदा नेप गोपालले देखी क्या कारणले यस स्थानमा दूध चढाउँछिन्, केही कारण निश्चय होला भनी त्यस स्थानमा खनी हेर्दा ८४३ वर्ष द्वापरयुगका शेष वाँकी छँदा श्रीमत्पशुपतिभट्टारक शिव प्रकाश हुँदा भया। पूर्वकालमा नेमुनिलाई नेपालकन पालना गर्नू भन्न्या वाणी श्रीज्योतिस्वरूपेश्वरवाट र श्रीवज्रास्यादेवीबाट आज्ञा प्रसन्न भयाको केही प्रमाण

त्वं सिद्धो भव भक्तज्ञ अनेन तनुना स्वयम्।
अद्यादिक्षयपर्यन्तं ततो मयि प्रलीयसे॥
त्वं च पालय हे वत्स इमं स्थानं निरन्तरम्।
वरं पशुपतेः क्षेत्रं धर्मेण धर्मरक्षितम्॥
ततो लोके वदिष्यन्ति तेभिधानेन सन्ततम्।

श्रीवज्रयोगिनीबाट नेमुनिकन वर प्रसन्न भयाको हे पुत्र सिद्ध भयौ, संसारमध्ये उत्तम मेरा भक्त हौ, अनेक आसनादिले गरी अद्यादि क्षयपर्यन्त बसी अन्तमा मविषे लिन होला, हे पुत्र क्षेत्रमध्ये वर भयाका पशुपतिक्षेत्रमा निरन्तर रही धर्मले रक्षा गर, तिम्रा नामले गरी नेपाल भनी संसारमा प्रख्यात हुन्याछ।

त्रैलोक्यानां गरिष्ठोयं नेपाल इति सर्वदा।
नित्यं पशुपतिं तत्र समभ्यर्च्य सुभक्तितः॥
स्थित्वा तत्रैव सम्यक् त्वं एतत् क्षेत्रं नु पालय।
ततः कालान्तरे भूयस्तद् क्षेत्रं वहुवत्सरम्॥
वाग्मतीजलसम्पूर्णं ह्रदभूतं भविष्यति।

त्रैलोक्यमा गरिष्ठ भयाका नेपाल भनी प्रख्यात भयाका स्थानमा नित्य पशुपतिकन सुभक्तिले अर्चन गर, त्यसै क्षेत्रमा वढिया तरहसँग वस, केही कालान्तरमा त्यस क्षेत्रमा केही वर्षसम्म वाग्मतीका जलले पूर्ण भै ह्रद भै जान्याछ। यस्ता प्रकारसँग नेमुनिले नेपाल ह्रद नहुँदै यस क्षेत्रमा कर्ता भै पालन गर्नू भन्न्या वाणी वज्रास्यादेवीबाट वरप्रसाद पायादेखि मुनिका मध्ये मुख्य भै उपदेशकर्ता भै नीतिको चर्चा भैरहचाका थिया। फेरि श्रीकृष्णबाट सेतुबन्ध काटी जलप्रवाह गराया। त्यहाँउप्रान्त श्रीपशुपतिका स्थानमा जाई

पूजामान्य गर्दासमय श्रीपशुपतिनाथ प्रकट भै कृष्णकन दर्शन दिंदा मुनिगणको मध्यमा रह्याका नेमुनिबाट एक हात उठाई हरि हरका भेद छैन भनी नाना प्रकारका वर्णन गरी स्तुति गर्दा श्रीपशुपतिनाथ प्रसन्न भै हे नेमुनि यस मेरा क्षेत्रकन तैंले धर्मले परिपालना गर्नू, तेरा नामले गरी कलियुगमा नेपाल भनी नाम प्रख्यात हुन्याछ भन्न्या वाणी श्रीज्योतिरूपेश्वरबाट पाया ।

(नयनाथ पौडेल, **भाषावंशावली** १ भाग, ललितपुर : श्री ५ को सरकार पुरातत्त्व विभाग नेपाल राष्ट्रिय पुस्तकालय, २०२०), पृ. ४१-४२

परिशिष्ट- १५

भाषावंशावली

जम्बूद्वीपमध्ये हिमवत्क्षेत्रमा स्थिति वसाउनानिमित्त नेमुनिबाट धर्मराजलाई जाई बिन्ति गर्दाको केही प्रमाण

धर्मराजस्थिते देशे सुचिरं तिष्ठ देहिनाम् ।
विना न्यायविचारेण ग्रामवृद्धिः कदाचन ॥

हे धर्मराज कस्ता स्थानमा तिमि वास गर्छौ भनी धर्मराजले स्थित गऱ्याको देशमा वढिया तरहसंग देहले सुस्थिर गति पाउँछ, विना न्यायको विचारले ग्रामहरूको वृद्धि कदाचित् हुँदैन-

न्यायशास्त्रविचारेण स्थितिमित्याह कारणम् ।

न्यायशास्त्रको विचार भन्याको केवल स्थिति गर्न कारणनिमित्त हो भनी नाना प्रकारसँग बिन्ति गर्दा धर्मराजबाट आज्ञा गर्दछन्–

एवमेव यशः प्राहुः सत्यं स्मृत्वा गतोस्म्यहम् ।
मन्त्रयुक्तं शुचिर्भूतं धर्माधर्मविचक्षणम् ॥
स्वामिनो द्विजतुल्यस्य भीतिर्नैव कदाचन ।
तस्य देहमहं गन्ता नान्यथा रमते मनः ॥

बढीया कुरो प्रश्न गर्न आयौ सुन, सत्य वाचा स्मृति गतिमा रहन्या मन्त्रले युक्त भै शुची भै रहन्या धर्म अर्थको विवेक भयाका स्वामीका अधीनमा रहन्या धर्मज्ञ भयाका यस्ताकन कदाचित् भय प्राप्त हुंदैन, त्यस्ताका देशमा म आफैं वास गर्दछु, अरू प्रकार धर्मले रहित भयामा सुस्थिर हुँदैन भन्न्या नानाप्रकारका नीति बोध नेमुनिले धर्मराजबाट सुनिसक्याउप्रान्त स्वस्थानमा जाई बस्या । फेरि ब्रह्मादेखि वर पायाका देवताहरूले मान्य गऱ्या । हिमालय पर्वतसहित नेमुनिले चर्चा गरी राख्याका पर्वतहरू १०० छन् । तिनकन भूधर राजा कहन्छन् । ती पर्वतहरूमध्ये हिमालय उशीर बीज पर्वतका दक्षिण भागका पर्वतहरू छत्रक उज्जयन्त कासुन्द चित्रह्रद सुह्रद केतुमान् मणिमान् काभीर धेनुमान् सुनाभ व्याघ्रवान् पुष्पक वैतरण सुनेमि श्यामाक वृषभ चक्र द्रोण काकन्द ककुद स्कन्द कुन्ज निकुन्ज सुकुन्द खण्डव शिवकूट सुबेल पारियात्र मृगेन्द्र मुन्जवान् सिद्धाश्रव दोलागिरि मणिधातु चन्द्रवान् सिद्धाचल पुण्यवान् कालगिरि ऋष्यवान् सर्वौषधि विशालाद्रि चन्द्रगिरि आदि इ पर्वतहरू स्वर्गसोपान हुन् । नेपालह्रद खोलियाउप्रान्त नेप नाम गोपालले श्रीपशुपतिनाथ प्रकाश गऱ्याउप्रान्त उही वर्षमा अघिको आज्ञा पुऱ्याउननिमित्त नेमुनिबाट

धर्मशास्त्र स्मृति प्रमाण नीति गतिले पालन गर्न विना राजाले प्रजाको स्थिति हुंदैन भनी विचार गर्दाभया ।

मानवालमहार्थं च भाषा शंकरगह्वरम् ।
नेमुनिपालवालं च नेमुनीति महोत्तमम् ॥
नीतिधिहर नीवाल नेवालं नेमुनिप्रुट ।
नवालजाग्निभूसाक्षात् सोहं बालोत्तमं स्मृतम् ॥

मनवाल नेवाल नीवाल नवाल यति चार नाम भाषा यो शंकर गह्वरविषे मनवाल महार्थले युक्त भयाका नेमुनिले पालन गर्दा नेपाल भनी प्रख्यात भया । त्यसै नेपालमा नेमुनिले पुत्रवत् पालना गऱ्याकालाई नेवाल कहन्छन् । हरका उक्ति प्रमाण नीति ज्ञानले युक्त भै रहऱ्याकाकन नीवाल कहन्छन् । केवल अग्निदेखि भयाका नेवाल जो छन् सो साक्षात् हरसुत कुमार हुन् । यी चार नेवाल उत्तम कहऱ्याका छन् ।

महामुक्तमयी मूर्ति नरं च नरमीश्वरम् ।
वाल्यावस्था सदाकाले लक्ष्मी श्रीनेमगह्वरि ॥

महामुक्त भई भूमिविषे नररूप भै नरका ईश्वर भयाका ईश्वर ईश्वरीका अनुग्रहले सदा वाल्यावस्था भैं श्रीनेमगह्वरविषे रहेका मनवाल महार्थपदले युक्त भयाका नेमुनिबाट विना न्यायविचारेण ग्रामवृद्धिः कदाचन विना नीतिका विचारले ग्रामको पनि कदाचित् वृद्धि हुँदैन भनी धर्मराजसँग सिकी आयाका नीतिका गतिअनुसार विना नीतिले पुर नगर ग्राम नर पशु पञ्छि वृहि इत्यादि केही प्रकारको पनि वृद्धि हुंदैन भनी विचारमा ठहराई राजाको स्थिति नेपालमा बसाउनानिमित्त गोपालका जातका मानिस कलि प्राप्त हुंदा कलिको राजा हुनुछैन भनी ठहर गऱ्या गोपालकन बोध दी शास्त्रका प्रमाणसित राज्याभिषेक दी आफूले ईश्वर ईश्वरीबाट दियाका नेपाल पालना गर्नू भन्न्या भारा सौंपी उपदेश दिया । मन्त्रले युक्त भै मन्त्र युक्त गराउनू शुची शौच व्रतमा रहनू राख्नू धर्माधर्मको विचार गर्दै रहनू गर्नू गराउनू स्वामीका अधीनमा रहनू राख्नू र त्यसका शरीरमा धर्मको स्थिति भै धर्मचेष्टा भै मन सुद्ध भयाका मानिसकन सुस्थिर गति पाई इहत्रमा भुक्ति परत्रमा मुक्ति पाउन्याछन्, अन्यथा कदाचित् स्थिति हुंदैन भन्न्या आदि नाना नीति धर्मज्ञानका बोध दी शास्त्रका प्रबन्धले गरी ब्राह्मणादि वर्णकन स्वस्वधर्मले नेम निष्ठामा राखी श्रीपशुपतिक्षेत्रकन पालननिमित्त राजाको स्थिति गतिमा राखिदिदा भया ।

द्वापरयुगका अन्त्य कलि प्राप्त हुन लाग्दा समय जम्बूद्वीपमध्ये चक्रवर्ती महाराजा श्रीयुधिष्ठिर धर्मराज हुंदाभया । नेमुनिबाट नेपालक्षेत्रमा स्थापना गऱ्याका श्रीराजा भूमागत १ अस्य भोगवर्ष ८४ इन राजाले नेमुनिबाट

उपदेश पाया अनुसार नीति धर्मले नेम निष्ठामा रही श्रीपशुपतिनाथकन अघिका मूर्तिमाथि द्वितीय मूर्ति सुप्रतिष्ठा गरी अग्निशर्मा ब्राह्मणकन अर्चनकारि बनाई वैशाखशुक्ल ३ रोहिणीनक्षत्र सौभाग्ययोग आदित्यवारका दिन महास्नानादि कर्म गरी नित्यपूजा आरम्भ गरी यसै अक्षयतृतीयादेखि श्रीपशुपतिनाथकन नित्य नैमित्य विधिपूर्वक अर्चन गराया। इन राजाका पालामा श्रीपशुपतिनाथ प्रकाश भै श्लेष्मान्तकवनविषे नित्य किरातरूपले विहार गरिरहँदा भयाका थिया। इन राजाले ईश्वर ईश्वरीको सन्मान गौको पालन प्रजाकन प्रतिपालन गरी परम आनन्दसित राज्यभोग गरिरह्या। अस्य पुत्र श्रीराजा जयगुप्त १ भोगवर्ष ७३।३ अस्य पुत्र श्रीराजा परमगुप्त १ भोगवर्ष ९१ अस्य पुत्र श्रीराजा हर्षगुप्त १ भोगवर्ष ६७ अस्य पुत्र श्रीराजा भीमगुप्त भोगवर्ष ३८ अस्य पुत्र श्रीराजा मतिगुप्त १ भोगवर्ष ३७ अस्य पुत्र श्रीराजा विष्णुगुप्त १ भोगवर्ष ४६ यति सात पुस्ता गोपाल राजाहरूले मातातीर्थसमीपमा ठूलो गौशाला बनाई देवताहरूकन भक्तियुक्त सन्मान गरी गो ब्राह्मण प्रजाकन नेमुनिका उपदेश प्रमाण नीतिमार्गले प्रतिपाल गरी आनन्दसित राज्यभोग गरि रह्याका थिया। अस्य पुत्र श्रीराजा यक्षगुप्त १ भोगवर्ष ७१ इन राजाका पर्यायमा अघि स्मरण तीर्थविषे तपस्या गरिरह्याका दानवहरूकन विष्णुबाट शाक्यसिंह नाम बुद्धावतार धारणा गरी दानवहरूकन बौद्धज्ञान दी बुद्धधर्ममा राखिसक्याउप्रान्त संसारमा बुद्धमार्गको वृद्धि भै आउदा इ यक्षगुप्त राजाले बुद्धमार्गीहरूको संगत गरी बुद्धमार्गमा रहनको इच्छा गऱ्या र बुद्धमार्गी भै आफ्ना पुर्खाकन नेमुनिबाट उपदेश दी राजपद्वि प्रतिष्ठा गरिदियाको स्वधर्ममार्ग छोड्दा इन राजाको सन्तान नभै राजपद्वि छुट्न लाग्दा मध्यदेशका महिषपाल अहीर गोपालकन झिकाई राज्याभिषेक दिया। आफू मनमा विषाद गरी आर्यघाटमा यक्षगुप्त राजाले प्राणत्याग गऱ्या। यति ८ गोपाल राजाहरू नेमुनिबाट राजपद्वि दी स्थापना गऱ्याका राजाका सन्तान हुन्। इनका जम्मा भोगवर्ष ५०७ मास ४। गोपालका अन्तका राजा यक्षगुप्तले धर्मपुत्र पालना गऱ्याका राजा श्रीवरसिंह भोगवर्ष ४९ अस्य पुत्र श्रीराजा जयमतिसिंह भोगवर्ष २१।७ अस्य पुत्र श्रीराजा भुवनसिंह भोगवर्ष ४१ इ तीन पुस्ता महिषपाल राजाहरूले यक्षगुप्तका उपदेशमाफिक प्रजा प्रतिपाल गरी राज्य भोग गऱ्याका थिया। नेमुनिका उपदेशअनुसार इनीहरूले धर्ममार्गको रीत चलाउन सक्याको थिएन। यी तीन पुस्ता महिषपालका जम्मा भोग वर्ष १११।७ गोपाल र महिषपालका जम्मा भोगवर्ष ६१८।११

(नयनाथ पौडेल, **भाषावंशावली** १ भाग, ललितपुर : श्री ५ को सरकार पुरातत्त्व विभाग नेपाल राष्ट्रिय पुस्तकालय, २०२०), पृ. ४२-४६

परिशिष्ट- १६

नेपालिकभूपवंशावली

श्रीपशुपतिनाथको अघिको लिंगाकार देवालय भत्की छोपिरहँदा द्वारिकादेखि श्रीकृष्णजी दानासुर दैत्यले पानी म्हासीकापमा बंध गरी नेपाल तलाउ गरिराख्याका पानी खोलनानिमित्त आयामा उन कृष्णजीसंग आउन्या ग्वालाले एक कपिल गाई पाली पद्मकाष्टगिरीमा गोशाला बनाई तही बसिरह्याको थियो. इन्का गाई दुद दुहन दिंदैनथिन्. एकलै गै वाग्मतीको तीरमा जाई दुग्ध धारा गर्थिन्. नित्य तेसो गरी दुद दुहन नदियाको हेरी तेस गोपालकका सर्दारले ती ने नाउ गऱ्याका आफना गाई निस्क्याको देखदा त्यो गोपालक पछि पछि गयो. गाई जाई दुग्ध धारा गऱ्याको देख्यो र आश्चर्य मानी ञाहाँ क्या रहेछ भनी खोलि हेर्दा ज्योति निस्की त्यो गोपाल ज्योतिले दहन भै मुक्त भयो. ऋषिले राजा बसाया. ञाहाँदेखि नेमुनि ऋषि आई अनेक क्रमले गरी बुझाया. कलिमा राजा हुन्या छैन भनी ब्राह्मणका गोपालक ज्योतिले दह्री गयाका तस्को पुत्र गोपालकलाई राजा तुल्याया. ...

अघि नेमुनि ऋषिले तीर्थयात्रा उपतीर्थयात्रादि अनेग लिंग यात्रा गर्दा प्रकाश भै रह्याका मातातीर्थका निकटमा ठुलो गोशाला तुल्याई देवताका सेवा पुजाको रक्षा गरी वस्याका थिया ॥ एति आठ पुस्ता नेमुनि ऋषिले वसायाका गोपालराजा हुन् ॥ ॥ ती मातातीर्थ भन्याका तीर्थको कुरा कस्तो छ भन्या अघि नेमुनिका समयमा इनि गोपालहरूका वंशमा एक पुरुषले आफना महतारी मर्दा वडा विरहले वैशाखवदि ३० का दिन आफना घर संनिधानका वनबाट जल निस्किरह्याको कुन्दमा आफना महतारीको नामले पिण्डदान दियो र तेस वेलामा तेस् कुन्दबाट आफना महतारीको मुख र हात निस्की हातले पिण्ड दियाको उठाई ली अन्तर्द्धान भै गयो र तस् दिनदेखि मातातीर्थ भनी नाम नेमुनिले चलाई आया र आजभोलिसम्म लोकहरूले मान्दै आयाका छन्. तेस् कुन्दबाट निस्क्याको धारामा लोकहरूले प्रतिवर्ष वैशाखवदि ३० का दिन महतारीका नामले स्नान गरी पिण्डदान दी आफना महतारीका मुख दर्शन गर्न पाउन्या कुन्द भनी कुन्दमा दक्षिणा चह्राई जल अभिषेक ली आउंछन् ॥

(Manik Bajracharya and Axel Michaels, **History of the Kings of Nepal : A Buddhist Chronicle,** Edition, Kathmandu : Himal Books for Social Science Baha, 2016), p. 25.

परिशिष्ट- १७

हिमवत्खण्ड

नेनामार्यो मुनिश्रेष्ठ आसीत् पुरा महातपाः ।
मरीचेस्तनयो धीमान् सर्व्वसत्त्वदयापरः ॥५१॥

दान्तश्च सर्वभूतेषु कृपाशीलश्च सर्व्वदा ।
दानधर्म्मरतो नित्यं सत्यवादी जितेन्द्रियः ॥५२॥

तेन तप्तं तपस्तीव्रं यत्रास्ते योगिनी मुने ।
द्वादशाब्दं पुरा व्याप्य कठोरं महदद्भुतम् ॥५३॥

सप्तर्षिभिः समं भक्त्या शैलकोष्ठे तु नेमुनिः ।
आनर्च्च योगिनीं देवीं त्वष्ट्रा सुनिर्म्मितैस्तवैः ॥५४॥

तस्यैव तपसा देवी भृशं तुतोष भक्तितः ।
वरं दातुं ततस्तस्मै आविर्भूत्वा च योगिनी ॥५५॥

देव्युवाच
भो भक्त नेमुनिश्रेष्ठ ते तपसा च सन्ततम् ।
तुष्टोऽहं ते वरं दास्ये श्रृणु पुत्र समाहितः ॥५६॥

त्वं सिद्धो भव भक्तेषु अनेन तनुना मम ।
अद्यादिक्षयपर्य्यन्तं ततो मयि प्रलीयसि ॥५७॥

त्वं च पालय हे वत्स ! इदं स्थानं निरन्तरम् ।
वरं पशुपतेः क्षेत्रं धर्म्मेण धर्म्म रक्षितुम् ॥५८॥

ततो लोका वदिष्यन्ति तेऽभिधानेन सन्ततम् ।
त्रैलोक्यानां गरिष्ठोऽयं नेपाल इति सर्वतः ॥ ५९॥

द्वीपानां चैव सप्तानां जम्बूद्वीपो गरीयसः ।
तस्मिंश्चैव गरिष्ठं च वाराणसीस्थलं महत् ॥ ६०॥

तस्माच्चतुर्गुणं ज्ञेयं श्रेष्ठक्षेत्रं च कामदम् ।
भुक्तिमुक्तिप्रदं साक्षात् पशुपतिस्थलं महत् ॥६१॥

नित्यं पशुपतिं पुत्र समभ्यर्च्य सुभक्तितः ।
स्थित्वा तत्रैव सम्यक् त्वमेतत् क्षेत्रं प्ररक्षय ॥६२॥

ततः कालान्तरे भूयस्तत् क्षेत्रं बहुवत्सरम् ।
वाग्वती जलसम्पूर्णा नदीभूता भविष्यति ॥६३॥

स्कन्द उवाच
देव्याश्चाज्ञां समादाय लब्धवरो मुनीश्वरः ।
धर्मेणापालयत् क्षेत्रं पाशुपतं हि सन्ततम् ॥ ६४॥

लोकान् प्रबोधयन् सम्यक् नियमं तत् प्रबोधयन् ।
व्रतोपवासपूजाभिः क्षेत्रमरक्षयन्मुनिः ॥६५॥

ततो हि नेपाल इति प्रतिष्ठा
देवासुरैश्चापि हि सर्वलोकैः ।
देव्याः प्रसादाद् वरसंप्रलब्धो
नेनामदान्तः प्रतपःकृताच्च ॥६६॥

(**हिमवत्खण्ड** ६९ अध्याय, नरहरिनाथ र अरू, काशी : योगप्रचारिणी, २०१३), पृ. १५३-१५४

[अघि ने नाउँ भएका ठूला तपस्वी आर्यश्रेष्ठ मुनि थिए। ती मरीचिका छोरा हुन्। बुद्धिमान् ती सबै प्राणीका उपर अत्यन्तै दया गर्थे। दानधर्ममा लागेका, नित्य सत्य बोल्ने, इन्द्रिय जितेका, शान्त, सबैमा सधैं कृपा गर्ने ती नेमुनिले १२ वर्षसम्म कठोर ठूलो अद्भुत तपस्या योगिनी भएका ठाउँमा गरे। ती नेमुनिले सप्तर्षिका साथ पर्वतका ओडारमा विश्वकर्माले बनाएका स्तोत्रले पूजा गरे। ती मुनिका भक्तिपूर्वकका तपस्या देखी योगिनी देवी अत्यन्त प्रसन्न हुनुभयो र नेमुनिलाई वरदान दिन प्रकट

हुनुभयो। योगिनी देवी भन्नुहुन्छ– हे श्रेष्ठ भक्त नेमुनि तिम्रो तपस्याले म प्रसन्न छु, हे बाबु तिमी सावधान भएर सुन, मेरा भक्तहरूमा आजदेखि प्रलयसम्म तिमी यही शरीरले सिद्ध भएर रहनेछौ, त्यसपछि ममा लीन हुनेछौ, हे बाबु तिमीले पशुपतिको यस उत्तम क्षेत्रलाई धर्मको रक्षाको निमित्त धर्मपूर्वक पालना गर, त्यसपछि सबैले तीनै लोकमा महत्त्वपूर्ण यो क्षेत्र तिम्रो नामले नेपाल भनेर पुकार्नेछन्, सात द्वीपमा जम्बूद्वीप उत्तम छ, जम्बूद्वीपमा पनि काशी क्षेत्र ठूलो छ, कामनाको फल दिने, भुक्तिभुक्ति दिने पाशुपत क्षेत्र चारगुना श्रेष्ठ छ, हे बाबु नेमुनि भक्तिपूर्वक नित्य पशुपतिको पूजा गरी त्यहीँ बसी त्यस क्षेत्रको रक्षा गर, कालान्तरमा त्यो क्षेत्र वाग्वतीको जलयुक्त हुनेछ। स्कन्दजी आज्ञा गर्नुहुन्छ– वर पाएका नेमुनिले देवीको आज्ञानुसार सर्वदा पाशुपतक्षेत्रको धर्मपूर्वक रक्षा गरे, लोकलाई राम्ररी बुझाई गर्नुपर्ने नियमहरू सम्झाई व्रत उपवास पूजाहरूद्वारा नेमुनिले पाशुपत क्षेत्रको रक्षा गरे। त्यसपछि देव असुर आदि सबै लोकले नेपालको प्रतिष्ठा गरे। देवीको निगाहबाट वर पाएका नेमुनिले तपस्या गरेका हुनाले नेपाल भनियो।]

परिशिष्ट- १८

पशुपतिपुराण

पुलस्त्य उवाच-

नेनाम्ना मुनिना पूर्वं पालनात् पुण्यकर्मणा ।
अयं हि हिमवत्कुक्षौ नेपाल इति चोच्यते ॥१॥

(**पशुपतिपुराण** २२ अध्याय, नरहरिनाथ (सं.), **श्रीमत्पशुपतिपुराणम्**, काठमाडौँ : भीमप्रसाद उपाध्याय, २०११, पृ. १५७)

[पुलस्त्य आज्ञा गर्नुहुन्छ– नेनामका मुनिद्वारा पुण्यकर्मद्वारा पहिले पालना गरिएको हुनाले हिमालयको काखमा रहेको यो क्षेत्र नेपाल भनी कहिन्छ ।]

नेपालमाहात्म्य

आगता मुनयः सर्वे वागीश्वरनिवासिनः ।
ये च श्लेष्मान्तकवने संस्थिता मुनयः सदा ॥४६॥

ते सर्वेऽथ समायाताः कृष्णदर्शनकाङ्क्षया ।
तानागतान् मुनीन् दृष्ट्वा वेदवेदाङ्गपारगान् ॥४७॥

ब्रह्मण्यदेवो भगवान् ननाम च मुहुर्मुहुः ।
तेभ्यो दानान्यनेकानि ददौ च परमेश्वरः ॥४८॥

मुनिमध्ये महातेजा नेमिरुग्रतपोनिधिः ।
दक्षिणं वाहुमुत्थाप्य शास्त्रसारं वचो जगौ ॥४९॥

अहो भाग्यमहो भाग्यं तपस्या सफला हि नः ।
एकत्र हि यतो दृष्टौ देवौ हरिहरौ प्रभू ॥५०॥

वयं कृतार्था धन्याश्च यद् दृष्टौ मांसचक्षुषा ।
देवौ हरिहरौ साक्षात् पुराणपुरुषावुभौ ॥५१॥

यो हरिं हररूपेण हरं च हरिरूपिणम् ।
यः पश्यति स एव स्याद् वैष्णवः शैव एव च ॥५२॥

हरौ हरे च ये भेदं कुर्वन्ति मनुजाधमाः ।
पाखण्डिनो वेदवाह्यास्ते वै निरयगामिनः ॥५३॥

गङ्गागौर्योरभेदं तु तथा शङ्करकृष्णयोः ।
ये पश्यन्ति नरा धन्यास्ते कृतार्था न संशयः ॥५४॥

इति नेमिवचः श्रुत्वा देवः पशुपतिर्हरिः ।
बभूवातीव मुदितो मुनीनामग्रतः स्थितः ॥५५॥

जैमिने मुनिशार्दूल श्रूयतां वचनं मम ।
ततः प्रोवाच सन्तुष्टो देवः पशुपतिर्मुनिम् ॥५६॥

श्रीपशुपतिरुवाच–
नेमे मुनिगणश्रेष्ठ तुष्टोऽहं ते वदाम्यहम् ।
अस्मिन् श्लेष्मान्तकवने मृगरूपेण वै मया ॥५७॥

यत्र भ्रान्तं जलं पीतं यत्र सुप्तं स्थितं मया ।
तत्र तत्रैव तीर्थं मे जातं ब्राह्मणसत्तम ॥५८॥

अस्मिन् श्लेष्मान्तकवने तपो वासुकिना पुरा ।
तप्तं वासुकिनाम्ना वै क्षेत्रमेतद् भविष्यति ॥५९॥

नेमे त्वमस्य क्षेत्रस्य मुनीनामग्रणीर्भव ।
पालनीयं त्वया क्षेत्रं वचनान्मे तपोधन ॥६०॥

मार्कण्डेय उवाच–
ततः प्रभृति तज्जातं क्षेत्रं नेपालसंज्ञकम् ।
नेमिना मुनिना यस्मात् पालितं पुण्यकर्मणा ॥६१॥
क्षेत्रं हिमवतः कुक्षावतो नेपालसंज्ञकम् ।

(**नेपालमाहात्म्य** ११ अध्याय)

[वागीश्वरमा रहने सबै मुनिहरू आए। जो मुनिहरू सधैँ श्लेष्मान्तकमा रहन्थे, ती सबै कृष्णको दर्शन गर्ने इच्छाले आए । वेदवेदाङ्गमा पारङ्गत, आएका ती मुनिहरूलाई देखेर ब्रह्मण्यदेव भगवान्ले बारंबार ढोगे, परमेश्वरले तिनीहरूलाई अनेक दानहरू दिए । मुनिहरूमा ठूलो तेज भएका उग्र तपस्याका खानी नेमिले दाहिने हात उठाएर शास्त्रको सार कुरो भने–

अहो ! भाग्य, अहो !! भाग्य हो, हामीहरूको तपस्या सफल भयो, किनकि एकै ठाउँमा देव हरि र हर दुवै प्रभु देखिनुभयो । हामी कृतार्थ छौँ र धन्य पनि छौँ, चर्मचक्षु (आँखा)ले पुराणपुरुष हरि र हर दुवै देव देखिए ।

जसले हरिलाई हर (शिव) रूपले र हरलाई हरि (विष्णु) रूपले हेर्दछ, त्यो नै वैष्णव र शैव पनि हो। मानिसमा अधमहरू जसले हरि र हरमा भेद गर्छन्, ती पाखण्डी वेदबाहिरका र नरकगामी हुन्। गङ्गा र गौरीमा तथा शङ्कर र कृष्णमा जो अभेद देख्दछन्, ती मानिसहरू निश्चय नै धन्य हुन् र कृतार्थ हुन्।

नेमिको यस्तो वचन सुनेर मुनिका अगाडि रहेका देव पशुपति र हरि औधी खुसी भए।

मुनिशार्दूल जैमिनि मेरो (मार्कण्डेयको) कुरा सुन्नुहोस्। अनि खुसी भएका पशुपतिदेवले मुनिलाई भने।

श्रीपशुपतिले भने–

मुनिहरूमा श्रेष्ठ नेमि तपाईंदेखि खुसी छु र भन्छु– यो श्लेष्मान्तकवनमा मृगरूपले जहाँ घुमेँ, पानी पिएँ, सुते र रहेँ हे असल ब्राह्मण त्यहीँ त्यहीँ मेरा तीर्थ भए। यो श्लेष्मान्तकवनमा वासुकिले पहिल्यै तपस्या गरे, वासुकिको नामले यो क्षेत्र प्रसिद्ध हुनेछ। नेमि! तपाईं यस ठाउँका मुनिहरूको अगुवा हुनुहोस्, तपोधन! मेरो वचनबाट तपाईंले यस क्षेत्रको पालना गर्नुहोस्।

मार्कण्डेयले भने–

त्यहाँदेखि त्यो क्षेत्र नेपाल नामको भयो। हिमालयको काखमा रहेको त्यो क्षेत्र पुण्यात्मा नेमिमुनिले पालना गरिएको हुनाले नेपाल नामको भयो।

(मुक्तिनाथ खनाल (अनु.), **नेपालमाहात्म्य**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०२८), पृ. ११८-१२०

परिशिष्ट- २०

गण्डकीमाहात्म्य

सोमवंशोद्भवो राजा सुचिराश्वमहाबलः ।
सुचिराश्वसुतः पारस्तत्पुत्रो नीप एव च ॥५५॥

पारः परपुरध्वंसी हिमशैले समागतः ।
हत्वा म्लेच्छान् विकर्मस्थान् चकार देशमुत्तमम् ॥५६॥

अन्तराले महानद्योर्गण्डकीशूलसंगयोः ।
पारकोटाभिधस्तस्माद् देशः सर्वत्र विश्रुतः ॥५७॥

(**गण्डकीमाहात्म्य** ५ अध्याय)

[सोमवंशी वलवान् राजा सुचिराश्व भए । उनका छोरा पार नामका भए । पारका छोरा नीप भए । वैरीका राज्य जित्ने पार राजा हिमालयमा आए र विधर्मी म्लेच्छहरूलाई मारेर असल देश बनाए । (काली)गण्डकी र त्रिशूलीगङ्गाको बीचमा (पारले किल्ला जमाएको हुँदा) पारकोट नाम रही त्यो देश सबैतिर प्रख्यात भयो ।]

पारस्य तनयो नीपः शिवभक्तो महामतिः ।
समाराध्य शिवं तत्र नैपालस्तेन निर्मितः ॥६२॥

(उही, ५ अध्याय)

[पारका छोरा नीप शिवका भक्त बुद्धिमान् भए । शिव(पशुपति)लाई आराधना गरेर तिनले नैपाल देश बनाए ।]

(ज्ञानमणि नेपाल, **नेपाल निरुक्त**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४०), पृ. ३७

परिशिष्ट- २१

कर्कप्याट्रिकको वर्णन

For the present, therefore, we must to content with a bare chronological series of the princes who are said to have ruled over Nepaul since the epoch of Nymuni; from whom, it has been already observed, this country is supposed to have received its present name.

The Raw of the Nymuni had not swayed sceptre quite five hundred years, when Bhul Singh of the Rajepoot tribe, and one of the posterity of Mehip Gopaul, putting himself at the head of an army, levied in the country situated between Simroun Ghur and Jannakpure, invaded and subdued Nepaul, over which he ruled.

(Colonel Kirkpatrick, **An Account of the Kingdom of Nepaul,** New Delhi : Asian Publication Servies, 1975, Reprint), pp. 255-256

[हाललाई हामीसँग केवल राजाहरूको वंशावली मात्रै छ जसले नेपालमा नेमुनिको युगदेखि शासन गरेको भनेर भनिन्छ। यिनै मुनिको नामबाट यो देशले आफ्नो हालको नाम पाएको अनुमान गरिन्छ।

नेमुनिका वंशले पाँच सय वर्ष पनि शासन गर्न नपाउँदै सिम्रोनगढ र जनकपुर बिचको देशबाट राजपूत कुलका महिप गोपाल वंशका भूलसिंहले सेनाको नेतृत्व गरी नेपाल माथि आक्रमण गरी विजय गरी आफ्नो शासन स्थापना गरे।]

परिशिष्ट- २२

हेमिल्टनको वर्णन

... in the country itself, it is commonly said that its proper name in Niyampal, derived from a certain Niyam, a muni or very holy person, the Nymuni of Colonel Kirkpatrick.

The Ahirs (Ahirs, another name for cowherds) who were originally the sovereigns of Nepal, then recovered their dominions, and three of them governed 175 years. These must have been descendants of Niyam Muni.

Niyam and his eight descendants would Govern 90 years beginning A.D. 33.

(Francis Buchanan Hamilton, **An Account of the Kingdom of Nepal,** New Delhi : Asian Publication Service, 1986, Reprint), pp. 187-190

[देशभित्र सबैले भन्छन् कि यो देशको वास्तविक नाम नियमपाल हो, जुन एक जना नियम नाम गरेका मुनि अर्थात् ज्यादै पवित्र व्यक्तिको नामबाट रहन गएको हो, जसलाई कर्णेल कर्कप्याट्रिकले नैमुनि भनी लेखेका छन् ।

अहिरहरू (ग्वालाकै अर्को नाम), जो सुरुमा नेपालका शासक थिए, ले आफ्नो राज्य पुनः प्राप्त गरे र त्यस वंशका तिन जना राजाहरूले त्यहाँ १७५ वर्ष राज्य गरे । यिनीहरू नियममुनिका सन्तान हुनुपर्दछ । नियम र उनका आठ जना उत्तराधिकारीहरूले सन् ३३ देखि ९० वर्षसम्म शासन गरे ।]

परिशिष्ट- २३

ओल्डफिल्डको वर्णन

The traditions of the Niwars represent that the first dynasty established in the country was that of Naimani, which lasted for four hundred and ninety-one years.

(H. Ambrose Oldfield, **Sketches from Nipal**, Vol. 1, Delhi: Cosmo Publications, 1974, Reprint), p. 257.

[नेवारहरूको अनुश्रुतिले देखाएअनुसार यो देशमा स्थापित पहिलो राजवंश नैमुनिको थियो, जसले चार सय एकान्नब्वे वर्ष शासन गऱ्यो ।]

परिशिष्ट- २४

राइटवंशावली

The great Rishi, however, from whom Nepal derives its name was a devotee named Ne. He performed his devotions at the junction of the Bagmati and Kesavati, and, by the blessing of Swayambhu and Bajra Jogini, he also ruled over the country.

The ancient temple of Pashupati having fallen down, the light was buried under the ruins. Some cowherds came into the country in the train of Sri Krishna, who came from Dwarika to help his grandson in letting out the water from the valley through a passage, which he made at Chaubahal, and in carrying off the daughter of Danasur, who had stopped the outflow of the water. These men settled down at Padmakasthagiri, and built cowsheds. One of their cows, by name Ne, was a milch cow, but gave no milk. Everyday at a certain time- she went running to a certain place. One day the chief cowherd followed her, and saw milk issuing from her udder, and saturating the spot on which she stood. His curiosity was excited to know what was under the spot, and on removing some earth he discovered the light, which however consumed him.

Ne Muni from whom Nepal derives its name, then came, and having persuaded the people that there would be no Chhetri Rajas in the Kali yuga, he installed as king the son of the cowherd who had been consumed by the light.

This Raja, by name Bhuktamana, reigned 88 years, and Pashupati was discovered in his reign.

These Rajas had their residence near Mata Tirtha and used to tend Brahman's cows. These eight Rajas were descended from the cowherd, who was installed as king by Ne Muni.

The origin of the Mata Tirtha is thus described. In the time of Ne Muni, one of his cowherds, being much distressed by the death of his mother, went into the jungle near his house on the 15th day of Baisakh, and offered a ball of boiled rice to her in the tank, into which water was collected from the mountain. His mother's face and hand appeared in the tank, and the hand accepted the offering. For this reason, Ne Muni called the place Mata Tirtha, and to the present day people resort there, on that date, to offer balls of boiled rice to their deceased mothers.

(Daniel Wright, **History of Nepal : Translated from the Parbatiya,** Kathmandu : Nepal Antiquated Book Publishers, 1972, Reprint), pp. 89 and 107-108

[ती ठूला ऋषि जसको नामबाट नेपालले आफ्नो नाम पायो, एउटा ने नाम गरेका भक्त थिए। उनले आफ्नो भक्तिको कार्य वाग्वती र केशावतीको दोभानमा गर्दथे र स्वयम्भू र वज्रयोगिनीको आशीर्वादबाट उनले मानिसलाई धर्मको सच्चा बाटोमा लाग्न निर्देशन दिए। उनले देशमाथि शासन पनि गरे।

पशुपतिको प्राचीन मन्दिर भत्केर त्यसको ज्योति माटोमुनि पुरिएर रहेको थियो। श्रीकृष्णसँगै द्वारिकाबाट केही गोठालाहरू यो देशमा आए र उनका नातिलाई त्यो ठाउँबाट पानी निकाल्न मदत गरे। कृष्णले चोभारबाट पानी निकाल्ने काम गरे र पानीको बहाब रोक्ने दानासुरका छोरीलाई लिएर हिँडे। यी गोठालाहरू पञ्चकाष्ठगिरिमा बसोबास गरी गोठाला भएरै रहे। ने नाम गरेकी उनीहरूको एउटा गाई दुधालु भइकन पनि दुध दिँदैनथिन्। हरेक दिन एउटा निश्चित समयमा ती गाई दौडेर एउटा निश्चित ठाउँमा पुग्थिन्। एक दिन मुख्य गोठालाले ती गाईको पिछा गरे र उनले ती गाईले एउटा ठाउँमा आफ्नो दुध बहाइराखेको देखे। त्यो ठाउँभित्र के छ भन्ने उत्सुकता ती गोठालामा जाग्यो र त्यहाँको माटो हटाई हेर्दा एउटा ज्योति प्रकट भयो र ती गोठाला भस्म भए।

जसको नामबाट नेपाल देशले आफ्नो नाम पायो, तिनै नेमुनि त्यहाँ आए र त्यहाँका मानिसलाई कलियुगमा क्षत्रिय राजा हुन नसक्ने कुराको

विश्वास दिलाई त्यही भस्म भएका गोठालाका छोरालाई राजाको रूपमा स्थापना गरे ।

भुक्तमान नाम गरेका ती राजाले ८८ वर्षसम्म शासन गरे र उनैको शासनकालमा पशुपति पत्ता लागेको थियो ।

नेमुनिले बनाएका ती गोठालाका आठ जना वंशजले शासन गरे र तिनीहरूको वासस्थान मातातीर्थ नजिकै थियो ।

मातातीर्थको उत्पत्तिका बारेमा यस्तो वर्णन गरिएको छ –

नेमुनिको समयमा उनका एकजना गोठाला आफ्नी आमाको मृत्युबाट ज्यादै दुःखी भई वैशाखको पन्ध्रौँ दिनमा घर नजिकको जंगलमा गई पाकेको भातको एक डल्लो आमाको नाममा पहाडबाट आएको पानी ज़म्मा गर्ने ठुलो भाँडोमा राखे । त्यो भाँडोमा उनकी आमाको अनुहार र हात देखा पऱ्यो र हातले त्यो भात टिपेर खायो । यसै कारणले नेमुनिले त्यस ठाउँलाई मातातीर्थ भनी नामकरण गरे । आज पनि त्यो निश्चित दिनमा मानिसहरू त्यहाँ गई पाकेको भातका डल्लाहरू आफ्ना मरेका आमाहरूको नाममा राख्ने गर्छन् ।]

परिशिष्ट- २५

पद्मगिरिवंशावली

In one of the jungles called Slekhamavati was buried the image of Pasupatinath under the ruins of his temple. The image was brought to notice and dug out thus : a Brahman inhabitant of Kirtipur had a cow named Kapila, which used to go there to stream her milk on the heap, where the image of Pasupatinath lay hidden. This was perceived by Gopala the Brahman, who to satisfy his curiosity removed the materials of the ruined temple when he found the image of Pasupatinath, which he worshipped in a temple. Afterwards Ne Muni came there and bestowed the sovereignty of Nepal on Gopala who accepted it with reluctance. He was named Bhumangat. He died in 88^{th} year of his age.

(Bikrama Jit Hasrat, **History of Nepal : As Told by Its Own and Contemporary Chronicles,** Punjab : V.V. Research Institute Book Agency, 1970), p. 33.

[श्लेष्मान्तकवनमा पशुपतिनाथको मूर्ति पुरिएर रहेको थियो । त्यो मूर्ति भएको थाहा पाई यस प्रकार निकालियो –

कीर्तिपुर निवासी ब्राह्मणकी एउटी कपिला नाम गरेकी गाई थिइन् जसले पशुपतिनाथको मूर्ति पुरिएको ठाउँमा गई आफ्नो दुध बहाउँथिन् । यो कार्य ब्राह्मण गोपालले देखे र आफ्नो कौतूहल मेट्न सो ठाउँमा खनेर हेर्दा उनले पशुपतिनाथको मूर्ति भेट्टाए र त्यस मूर्तिलाई मन्दिरमा राखी पूजा गरे । त्यसपछि नेमुनि त्यहाँ आए र ती गोपाललाई नेपाल देशको सार्वभौमसत्ता प्रदान गरे, जसलाई ती गोपालले बडो मुस्किलका साथ स्वीकार गरे । उनलाई भूमांगत भन्ने नाम दिइयो र उनको ८८ वर्षको उमेरमा मृत्यु भयो ।]

परिशिष्ट- २६

शिवराज शर्मा पौडेलको लेख

'ने' मुनिको जन्म तनहूँमा भएको तथ्य-१

- शिवराज शर्मा पौडेल

उल्लेखनीय विविध विशेषता :-

[illegible]

क्रमशः अर्को अंकमा

'ने' मुनिको जन्म तनहूँमा भएको तथ्य-२

- शिवराज शर्मा पौडेल

'ने' मुनिको जन्म तनहूँमा भएको तथ्य-३

- शिवराज शर्मा पौडेल

(शिवराज शर्मा पौडेल, ''ने' मुनिको जन्म तनहूँमा भएको तथ्य', **जनमञ्च**, २४ साउन, ३१ साउन र ६ भाद्र, २०७२)

परिशिष्ट- २७

शिवराज शर्मा पौडेलको लेख

ने-मुनि पछ्याउँदै

ने-मुनि किंवदन्ती होइनन

ने-मुनिबाट नेपाल

ने-मुनिको कीर्ति

> ने-मुनिको कीर्ति तत्कालीन समयमा फैलिए पनि अहिले हामी उनलाई बिर्संदै गएका छौं।

ऐतिहासिक महापुरुष

(शिवराज शर्मा पौडेल, 'ने-मुनि पछ्याउँदै', अन्नपूर्ण पोस्ट, १४, कात्तिक, २०७२)





A352

नेपाल प्रज्ञा-प्रतिष्ठान

9789937689779